WWF

EcoClub

# इको कलब

## हाते पुस्तिका




विश्व वन्यजन्तु कोष (WWF) नेपाल कार्यक्रम

# इको क्लब
## हाते पुस्तिका
वि.सं. २०५८

लेखन तथा सम्पादन

**गोविन्द लुइँटेल**

पुनरावलोकन

**उकेशराज भुजु**

**नीलिमा श्रेष्ठ**

**विश्व वन्यजन्तु कोष** (WWF) **नेपाल कार्यक्रम**

**बालुवाटार, काठमाडौं, नेपाल**

**पोब.नं. ७६६०**

**फोन** : ९७७-१-४३४८२०/४३४९७०/४१०९४२

**फ्याक्स** : ९७७-१-४३८४५८

**इमेल** : mns@wwf.mos.com.np

www.wwfnepal.org.np

# हाम्रो भन्नु

विद्यालय तहका विद्यार्थीहरूलाई वातावरण संरक्षणको क्रियाकलापमा सहभागी गराउन इको क्लबको अवधारणा अगाडि सारिएपछि धमाधम इको क्लबहरू गठन हुन थाले । क्लबहरूको संख्या बढ्दै जाँदा क्लबको गठन, सञ्चालन र क्रियाकलापका सम्बन्धमा जानकारी दिने सामग्रीको आवश्यकता खट्कियो । यही आवश्यकता पूरा गर्न तीन वर्षअघि एउटा सानो पुस्तिका तयार पारिएको थियो । त्यो एउटा पुस्तिका अत्यन्त संक्षिप्त र बुँदागत भएकोले त्यसैलाई विस्तार गरेर यो हाते पुस्तिका तयार गरिएको हो ।

यो पुस्तिकाले वातावरण संरक्षणका सबै पक्षहरूबारे जानकरी दिँदैन । इको क्लबमा काम गर्ने विद्यार्थी र इको शिक्षकका लागि इको क्लब गठन,सञ्चालन र क्रियाकलापहरूको जानकारी दिन यो हाते पुस्तिका तयार पारिएको हो । इको क्लब गठन भइसकेका र गठन गर्न चाहने विद्यालयका विद्यार्थी र शिक्षक सबैलाई यो पुस्तिका सहायकसिद्ध हुनेछ भन्ने विश्वास लिइएको छ ।

यो पुस्तिका पूर्ण होइन । यो त केही नमूना क्रियाकलापहरूको व्याख्या मात्र हो । यहाँ समावेश गरिएका क्रियाकलापहरू सामान्यतयाः सबै ठाउँमा गर्न सकिन्छन्, यी केही उदाहरण मात्र हुन् । यी उदाहरण अर्थात् नमूना क्रियाकलापहरूका आधारमा यस्तै र सम्बन्धित ठाउँको अवस्थाअनुसार अन्य क्रियाकलापहरू इको क्लबले गर्न सकुन् भन्ने मूल उद्देश्य यो पुस्तिकाको रहेको छ ।

यो पुस्तिकालाई सकेसम्म सरल बनाउन प्रयास गरिएको छ । सबैले बुझ्ने र उपयोग गर्नसक्ने ढंगले पुस्तिका तयार होस् भन्ने कुरामा ध्यान दिइएको छ । आगामी दिनहरूमा यसलाई अझ उपयोगी बनाउन सम्बन्धित सबैको सुझाव अपेक्षित छ । धन्यवाद ।

डा. चन्द्रप्रसाद गुरुङ
राष्ट्रिय प्रतिनिधि
*विश्व वन्यजन्तु कोष (WWF)*
*नेपाल कर्यक्रम*

# विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| **खण्ड – क.परिचय** | | |
| १. | इको क्लबको अवधारणा | १ |
| **खण्ड – ख. गठन र सञ्चालन** | | |
| १. | इको क्लब : उद्देश्य, गठन र सञ्चालन | ७ |
| २. | इको क्लब क्रियाकलाप | १३ |
| **खण्ड – ग. नमूना क्रियाकलाप** | | |
| १. | विद्यालय हाताको सरसफाइ | १९ |
| २. | वृक्षारोपण, बगैँचा निर्माण | २१ |
| ३. | प्रकृति भ्रमण | २३ |
| ४. | प्रवचन, छलफल, अन्तर्क्रिया | २६ |
| ५. | चरा अवलोकन | २८ |
| ६. | आजै थालौँ | ३० |
| ७. | प्रतियोगिता | ३२ |
| ८. | चिडियाखाना भ्रमण | ३४ |
| ९. | समाचार अवलोकन र भित्ते पत्रिका | ३७ |
| १०. | हरित उपहार आदान-प्रदान | ४० |
| ११. | प्रदर्शनी | ४२ |
| १२. | एक विद्यालय एक सम्पदा | ४४ |
| १३. | वार्षिक प्रतिवेदन | ४६ |
| **खण्ड – घ. संघ संस्था संलग्नता** | | |
| १. | विश्व वन्यजन्तु कोष | ४७ |
| २. | फ्रेन्ड्स अफ द जु | ५० |
| ३. | वातावरण शिक्षा मञ्च | ५२ |
| ४. | इको क्लब साँझ/इको हेरिटेज क्विज | ५४ |
| ५. | मुना (मासिक बाल प्रकाशन) | ५५ |
| ६. | सम्पदा सन्दुक | ५६ |
| ७. | इको समाचार | ५८ |
| ८. | नेपाल रेडक्रस | ६० |
| ९. | नेपाल स्काउट | ६१ |
| १०. | अनुसूची | ६२ |

खण्ड-क : परिचय

# इको क्लबको अवधारणा

## विश्व वन्यजन्तु कोषको प्राथमिकता

विश्व वन्यजन्तु कोष (WWF) विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संरक्षण संस्था हो । प्रकृति र पर्यावरण प्रणालीको संरक्षणका निम्ति विश्व वन्यजन्तु कोषले विश्वव्यापी स्तरमा लक्ष्य निर्धारण गरेको छ । ती लक्ष्यहरू हुन :-

१. वंशाणु, जीव-प्रजाति तथा पर्यावरण प्रणालीको विविधताको संरक्षण,
२. नवीकरण योग्य प्राकृतिक स्रोतहरूको प्रयोग हाल र दीर्घकालसम्म दिगो हुन सकोस् भन्ने कुराको सुनिश्चितता,
३. इन्धन तथा स्रोतको फजुल खर्च र अन्धाधुन्ध प्रयोग घटाउने क्रियाकलापहरूको प्रबर्द्धन ।

आफ्नो लक्ष्यमा अगाडि बढ्न विश्व वन्यजन्तु कोषले लक्ष्यउन्मूख कार्यक्रमहरू (Target Driven Program) पनि निर्धारण गरेको छ । ती कार्यक्रमहरू ६ किसिमका छन् :-

१. वन (Forest)
२. निर्मल पानी (Fresh Water)
३. समुद्र/समुद्री किनार (Oceans/Coasts)
४. प्रजाति (Species)
५. जलवायु परिवर्तन (Climate change)
६. विषादी/प्रदुषक (Toxics/Pollutants)

## विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमको प्राथमिकता

लक्ष्यउन्मूख र प्राथमिकताका उपर्युक्त कार्यक्रमहरू मध्ये विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले चार वटालाई आफ्नो कार्यक्रमको प्राथमिकतामा समावेश गरेको छ :-

१. वन (Forest)
२. प्रजाति (Species)
३. जलवायु परिवर्तन (Climate change)
४. विषादी/प्रदुषक (Toxics/Pollutants)

## सहयोगी कार्यक्रम

उपर्युक्त चार वटा कार्यक्रमको अधिकतम उपलब्धिका लागि थप चार वटा सहयोगी कार्यक्रम पनि निर्धारण गरिएको छ :-

१. दिगो विकास (Sustainable development)
२. शिक्षा तथा क्षमता वृद्धि (Education and Capacity Building)
३. प्रचार-प्रसार तथा प्रबर्द्धन (Communication and marketing)
४. नीति तथा वकालत (Policy and Advocacy)

## दीर्घकालीन दृष्टिकोण
### (Long-Term vision, 20 Years)

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले २० वर्षे दीर्घकालीन दृष्टिकोण तयार गरेको छ, जसले संस्थाको भावी दिशा स्पष्ट गर्दछ :

- ◆ विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमलाई अगुवा संरक्षण संस्था बनाउने,
- ◆ पर्यावरण पर्यटनमा विशेष जोड दिई एकीकृत संरक्षण र विकास कार्यक्रमका माध्यमले गरिबी घटाउने,
- ◆ जैविक विविधता नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा श्री ५ को सरकारलाई प्राविधिक सल्लाह दिने,
- ◆ संरक्षण चेतना अभिवृद्धि गर्न र विश्व वन्यजन्तु कोषलाई सदस्य निर्भर संस्था बनाउन इको क्लब प्रवर्द्धन गर्ने र
- ◆ अन्तरसिमा एवं भू-बनौटीय संरक्षण अवधारणा कार्यान्वयन गर्न कञ्चनजङ्घा क्षेत्र र तराई भू-परिधिमा जोड दिने

## अल्पकालीन उद्देश्य
### (Short-Term objectives)

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले आफ्नो दीर्घकालीन दृष्टिकोण अनुसार उपलब्धि हासिल गर्न ५ वर्ष (सन् २००२-२००६) का लागि अल्पकालीन उद्देश्यहरू पनि निर्धारण गरेको गरेको छ । तिनीहरू निम्नानुसार छन् :-

- ● आयोजना (Projects) को सट्टा नियमित कार्यक्रम (Programs) मा जोड दिने,
- ● भू-बनौटीय संरक्षण अवधारणामा जोड दिने,
- ● अन्तरसिमा संरक्षण अवधारणामा जोड दिने,
- ● पर्यावरण पर्यटनमा जोड दिँदै एकीकृत संरक्षण र विकास कार्यक्रमलाई सबल बनाउने,
- ● प्रकाशन, अभिलेख र तथ्याङ्क आधार तयार गर्न जोड दिने,
- ● विश्व वन्यजन्तु कोष केन्द्रित क्षेत्रहरूको व्यवस्थापन र पर्यावरण योजना तयार गर्ने र
- ● राष्ट्रिय संस्था बन्ने सम्भावनाहरू खोजी गर्ने ।

## वर्तमान अवस्था

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले निर्धारण गरेका लक्ष्यउन्मूख चारवटा कार्यक्रम (वन, प्रजाति, जलवायु परिवर्तन र विषादी/प्रदुषक) का उद्देश्य (Objectives), लक्ष्यसूचक (Target Indicators), कार्यक्रम क्रियाकलाप (Program Activities) र प्रभाव (Impact) हरू पनि निर्धारण गरेको छ ।

## *वन* (Forest)

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले संरक्षित क्षेत्रहरूको स्थापना गर्न र तिनको व्यवस्थापन प्रणाली सबल बनाउन सहयोग गर्दै आएको छ । हालसम्म नेपालमा १६ वटा संरक्षण क्षेत्र स्थापना भइसकेका छन् र तिनले कुल भूभागको १८ प्रतिशत क्षेत्रफल ओगटेका छन् ।

नेपालका संरक्षित क्षेत्रहरू अझैसम्म टापु वासस्थानकै रूपमा रहेका छन् । क्षेत्रफल र स्थानका हिसाबले तिनीहरू सीमित हुँदै गइरहेका छन् । संरक्षित क्षेत्रका जंगलहरू अपकर्षण र विनाशका विभिन्न रूपले प्रभावित छन् । बढ्दो जनसंख्या, आधारभूत आवश्यकता परिपूर्ति र आर्थिक आम्दानीका लागि दिनप्रतिदिन वनमा भर पर्नेक्रम बढ्दो छ । यसक्रममा बढ्दो जंगल फँडानी र घरपालुवा जनावरको चरिचरनले वन्यजन्तुको वासस्थानमा खतरा बढिरहेको छ । विकास प्रक्रिया र अतिक्रमणले पनि वन जंगलमाथि गम्भीर असर परिरहेको छ । यस्तै, विशेषगरी चुरिया क्षेत्रमा भू-क्षयले पनि वन विनाश बढाइरहेको छ । वनको महत्वका बारे सर्वसाधारणमा ज्ञानको कमीले पनि वन विनाश भइरहेको छ ।

## *प्रजाति* (Species)

नेपाल विश्वमै चारवटा संकटापन्न अवस्थाका ठूला जनावरहरूको वासस्थान हो । ती जनावरहरू हुन् : पाटे बाघ (Royal Bengal Tiger), एकसिङे गैडा (Greater one-horned Rhinoceros), एशियाली हात्ती (Asiatic Elephant) र हिउँ चितुवा (Snow Leopard) ।

तराइ-दुवार सावना घाँसे मैदान पर्यावरण क्षेत्र (Terai Duar Savana Grassland Ecoregion) विश्व वन्यजन्तु कोषको बाघ कार्ययोजनाको प्राथमिक प्राप्त भू-क्षेत्र हो । यो क्षेत्र बाघका अतिरिक्त काठे भालु, सोंस, घडियाल गोही, हाब्रे, हिमाली कालो भालु, बाह्र सिङ्गेलगायतका संकटापन्न जनावरहरूको पनि वासस्थान हो ।

ठूला वासस्थानहरूको संरक्षण गर्न केही मुख्य जनावरहरूको संरक्षण आवश्यक छ र यो काम आर्थिक दृष्टिले पनि महत्वपूर्ण छ । यस्ता जनावरहरूले मुलुकको पर्यटन उद्योगमा उल्लेख्य योगदान पुऱ्याउँछन् तर त्यसका लागि जनावरको संरक्षणले मात्र पुग्दैन । तिनको प्राकृतिक वासस्थानको पनि संरक्षण हुनुपर्छ ।

## *विषादी/प्रदुषक*
(Toxics/Pollutants)

विश्व वन्यजन्तु कोष केन्द्रित क्षेत्रहरूमा प्रदुषणको स्रोत भ्रमण समूह र पदयात्रीहरूले छाड्ने फोहोर नै हो । यस्तो समस्या हिमाली पर्यावरणमा ठूलो देखिएको छ जहाँ अव्यवस्थित रूपमा फोहोरहरू जताततै फालिन्छ ।

शहरी क्षेत्रहरू, मुख्य गरेर काठमाडौं र अन्य औद्योगिक क्षेत्रहरूमा बढ्दो प्रदुषणले

सार्वजनिक स्वास्थ्यमा गम्भीर असर परिरहेको छ । प्रदुषण कम गर्न अहिले जनचेतना अभिवृद्धि र कानुनी व्यवस्थापनमा सुधार जस्ता काममा सक्रियता आवश्यक भएको छ ।

### *जलवायु परिवर्तन*
(Climate Change)

नेपालमा भू-प्रयोगको अवस्था, वन विनाश, जीवाशेष/इन्धनदहन आदिले वायुमण्डलको हरितगृह ग्यासमा प्रभाव पार्दछन् र त्यसले जलवायु परिवर्तन गराउँछ । फलस्वरूप हिमताल विस्फोटन, बाढी, हिमनदीको अवस्थिति र हिमरेखामा परिवर्तन जस्ता घटनाहरू हुने गरेका छन् । च्छो रोल्पा हिमताल एउटा ज्वलन्त उदाहरण हो जसको गहिराइ र क्षेत्रफलमा पाँच दशक अघिदेखि निरन्तर वृद्धि भइरहेको छ । बाढीसँगै आउने पहिरोले प्राकृतिक स्रोत र सम्पत्तिमा ठूलो क्षति हुने गरेको छ ।

वायु प्रदुषणले काठमाडौंलगायतका मुख्य शहरहरू प्रभावित छन् । उद्योग र यातायातका साधनबाट उत्पन्न धुवाँले हुने वायु प्रदुषणले पनि हरितगृह ग्यासमा उल्लेख्य असर गरेको छ ।

## सहयोगी कार्यक्रम

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले लक्षित गरेका चार किसिमका कार्यक्रमहरू (वन, प्रजाति, विषादी/प्रदुषण र जलवायु परिवर्तन) का उद्देश्य पूरा गर्न थप चार किसिमका सहयोगी कार्यक्रमहरू (दिगो विकास, शिक्षा तथा क्षमता वृद्धि, प्रचार-प्रसार तथा प्रबर्द्धन, वकालत तथा नीति) निर्धारण गरी तिनको पनि उद्देश्य, लक्ष्यसूचक, क्रियाकलाप र प्रभावहरू निर्धारण गरेको छ ।

### *दिगो विकास*

जनसंख्याको बढ्दो चाप, गरिबी, चेतनाको कमी र शिक्षा प्राप्त गर्ने अवसरको कमीजस्ता कारणहरूले गर्दा प्राकृतिक स्रोतमाथि ग्रामीण समुदायको चाप उल्लेख्य रहेको छ । फलस्वरूप उर्जाका लागि वनबाट कुकाठ संकलन हुने तथा आर्थिक आम्दानीका गतिविधि र अन्य घरायसी प्रयोजनाका वस्तुको संकलन वनबाटै हुने गरेको छ ।

यस्ता क्रियाकलापले स्रोतको दिगोपनमा ध्यान दिएको छैन । घरायसी उर्जाका लागि सौर्य उर्जा, विद्युत उर्जा जस्ता विकल्पको व्यवस्था नहुँदा निरन्तररूपमा वनबाट दाउरा संकलन हुने गरेको छ । उर्जा वचत गर्ने प्रणालीको अभावले दाउराको खपत अत्यधिक बढाएको छ । यस्तो समस्या उर्जाको खपत धेरै हुने तर त्यस अनुपातमा उर्जा स्रोतको वृद्धि नहुने हिमाली क्षेत्रहरूमा अत्यधिक छ ।

प्राकृतिक स्रोतको अति उपयोगको अर्को मुख्य कारण गरिबी हो । विशेष गरेर कुकाठ र औषधीजन्य विरुवाहरूको संकलनले स्रोतको दिगोपनमा नकारात्मक प्रभाव परेको छ । यसले वनस्पतिका

प्रजातिहरूको ह्रासका अतिरिक्त वन्यजन्तुको वासस्थान र जैविक विविधतामा पनि ह्रास ल्याएको छ ।

समुदायको क्षमता वृद्धि, गरिबी न्यूनीकरण, चेतना र शिक्षाको अभिवृद्धि आदिका माध्यमले दिगो विकासमा सघाउ पुऱ्याउन सक्छ ।

### *शिक्षा तथा क्षमता वृद्धि*

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमका एकीकृत क्रियाकलापको एउटा अङ्ग वातावरण शिक्षा हो । विगत केही वर्षदेखि इको क्लब र हरितउपहार आदान-प्रदानलाई प्रोत्साहन गरिएको छ । चोरी शिकारविरुद्धको कार्यक्रम, पर्यावरण पर्यटन तथा एकीकृत संरक्षण र विकास कार्यक्रममा नेपाल एउटा मुख्य सहयोगी बनेको छ । यस अवस्थामा विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम र सहयोगी संस्थाहरूको क्षमतामा वृद्धि अहिलेको आवश्यकता भएको छ ।

### *प्रचारप्रसार तथा प्रबर्द्धन*

वातावरणीय मुद्दाहरूमा जनचेतना अभिवृद्धि गर्न सञ्चार माध्यमहरू महत्वपूर्ण हुन्छन् । विश्व वन्यजन्तु कोषको सञ्जालमा नेपाललाई सफलताको उदाहरणहरूलाई प्रोत्साहित गर्ने मुलुकका रूपमा लिइएको छ । सफलताको उदाहरणहरूलाई स्थानीय तह र विश्वव्यापी सञ्जालसम्म फैलाउन प्राथमिकता पनि तोक्न आवश्यक छ । प्रचारप्रसार तथा प्रबर्द्धन कोषको संकलनका लागि पनि आवश्यक छ ।

### *नीति र वकालत*

नेपाल साइटिस (संकटापन्न वन्यजन्तु र वनस्पतिको व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय संविदा, Convention of International Trade in Endangered Species of Wild Fauna and Flora) को संस्थापक सदस्य हो । नेपालले सिमसार र विश्व सम्पदा क्षेत्रहरूको संरक्षण संविदा पनि लागू गरेको छ ।

यसैगरी नेपालले मरुभूमीकरण रोक्नेसम्बन्धी संयुक्त राष्ट्रसंघीय संविदा र हानिकारक वस्तु (Hazardous Wastes) नियन्त्रणसम्बन्धी बासिल संविदा पनि लागू गरेको छ । नेपालले ओजोन तहसम्बन्धी भियना संविदा, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संविदा र जीव विविधतासम्बन्धी संविदा पनि लागू गरेको छ ।

## इको क्लब

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले निर्धारण गरेका प्राथमिकताका कार्यक्रम र सहयोगी कार्यक्रमहरूमा वातावरणीय शिक्षा र जनचेतना अभिवृद्धिका क्रियाकलापहरूमा जोड दिइएको छ । इको क्लबका माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने, ज्ञान, सीप र धारणाहरूको प्रचारप्रसार गर्ने तथा विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमलाई समर्थक

सदस्यहरूमा निर्भर संस्था बनाउने कुरा स्पष्ट उल्लेख छ । अहिलेका विद्यार्थीहरूमा वातावरणीय चेतना अभिवृद्धि गरी सचेत गराउन सकियो भने भविष्यमा उनीहरूले नै वातावरण संरक्षणमा योगदान पुऱ्याउन सक्छन् भन्ने तथ्यलाई विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले आत्मसात गरेको छ ।

प्राथमिकतामा समावेश गरिएका चारवटा कार्यक्रमहरू (वन, प्रजाति, जलवायु परिवर्तन र विषादी/प्रदुषण) मा विद्यार्थीहरूलाई पनि सहभागी गराएर अगाडि बढाउन विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले इको क्लबको अवधारणा अगाडि बढाएको हो । इको क्लब विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमको एउटा क्रियाकलाप हो । यसको विकास, विस्तार र दिगोपनाबाट संरक्षण चेतना अभिवृद्धि गर्ने मुख्य उद्देश्य लिइएको छ ।

***(इको क्लबबारे विस्तृत व्याख्या अन्य शीर्षकहरूमा गरिएको छ)***



खण्ड-ख : गठन र सञ्चालन

# इको क्लब
# उद्देश्य, गठन र सञ्चालन

वातावरण संरक्षणमा विद्यालय तहका विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता अभिवृद्धि गर्ने महान् उद्देश्यले इको क्लबको अवधारणा अगाडि सारिएको हो । इको (Eco) को अर्थ पारिस्थितिकीय प्रणालीसम्बन्धी (Ecological or of Ecology) हो भने क्लब (Club) को अर्थ मानिसहरूको समूह (Group of People) हो । इको क्लब विद्यालयमा गठन गरिन्छ । यो विद्यार्थीको एक स्वतन्त्र समूह वा संगठन हो । इको क्लबमार्फत् विद्यार्थीहरूले सामूहिकरूपमा वतावरण संरक्षणमा सहयोग पुऱ्याउन तथा आफू र आफ्नो वरपरको क्षेत्रमा प्रकृति संरक्षणको चेतना अभिवृद्धि गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न सक्तछ ।

## उद्देश्य

इको क्लब भनेको वातावरण संरक्षण समूह भएकोले आफू वरिपरिको प्राकृतिक वातावरणको संरक्षणमा सहयोग पुऱ्याउनु नै क्लबको मुख्य उद्देश्य हो । यसका साथै इको क्लबका अन्य उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

- विद्यार्थीहरूमा प्राकृतिक वातावरणको महत्त्वबारे चेतना अभिवृद्धि गर्नु,
- विभिन्न स्तरका वातावरणीय समस्याहरू, स्थानीय, राष्ट्रिय, द्विपक्षीय, क्षेत्रीय वा विश्वव्यापी समस्याबारे विद्यार्थीहरूलाई जानकारी गराउनु,
- वातावरण संरक्षणमा व्यक्तिगत भूमिकाको पहिचान गर्न लगाउनु,
- आफू वरिपरिको वातावरण संरक्षणमा सहभागी गराउनु,
- हरित उपहार आदानप्रदान (Green Gift Exchange) कार्यक्रममार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विद्यार्थीहरूबीच अनुभव आदानप्रदान गराउनु,
- विद्यार्थीहरूको व्यक्तित्व विकास गराउनु र
- विद्यार्थीहरूलाई वातावरणीय क्रियाकलापमार्फत् समुदायमा घुलमिल गराउनु ।

## गठन र सञ्चालन

विद्यालयमा गठन गरिने इको क्लब कुनै सरकारी वा गैर सरकारी संस्थाको भ्रातृ संगठनका रूपमा नरही स्वतन्त्ररूपमा रहन्छ । आ-आफ्नै तरिकाले, निश्चित मापदण्ड र नियमका आधारमा इको क्लब गठन गर्न सकिन्छ ।

गठन र सञ्चालनका हिसाबले इको क्लबको आफ्नै स्वतन्त्र हैसियत हुने भए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा यसको अवधारणामा आवद्ध हुन क्लबले केही निश्चित मान्यताहरू अनुशरण गरेको हुनुपर्छ ।

विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूको समूह नै इको क्लब हो । प्रथमपटक सबै विद्यार्थी तथा शिक्षकहरूको आपसी छलफलबाट इको क्लब गठन गर्नुपर्दछ । त्यस्ता क्लबहरूले इको क्लबसम्बन्धी निम्न अवधारणाहरूलाई आत्मसात गरेको हुनुपर्छ :

- इको क्लब भन्नेको विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूको साझा समूह हो,
- क्लबको एक कार्यसमिति हुन्छ जसमा सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष सदस्यहरू सहित ७ देखि १५ जनासम्म रहन्छन्,
- क्लबले आफ्नो गठन, सञ्चालन, उद्देश्य, पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारहरू स्पष्ट हुने गरी एक विनियम बनाउनुपर्छ,
- क्लबले आफ्नो विनियमका आधारमा साधारण सदस्यता वितरण गर्नुपर्छ ।
- प्रत्येक वर्ष (वर्षमा एकपटक) क्लबको साधारणसभा बोलाउनुपर्छ । त्यस्तो साधारणसभामा क्लबको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुपर्छ । सोही सभाले अर्को एक वर्षका लागि कार्यसमिति पुनर्गठन गर्नुपर्छ । क्लब पुनर्गठन गर्दा साधारण सदस्यहरूमध्येबाट गर्नुपर्दछ । तर, क्लबका संरक्षण क्रियाकलापमा सबै विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ,
- विद्यालयका प्रधानाध्यापक क्लबका संरक्षक रहेको हुनुपर्छ र
- विद्यालयका कुनै दुईजना शिक्षक क्लबको सल्लाहकार रहेको हुनुपर्छ । क्लबको प्रत्येक बैठकमा सल्लाहकार शिक्षक (इको शिक्षक) हरूलाई आमन्त्रण गर्नुपर्छ ।

## इको क्लबको विनियम

इको क्लबले आफ्नो गठन, सञ्चालन, उद्देश्य, पदाधिकारीहरूको काम-कर्तव्य र अधिकारहरू स्पष्ट हुने गरी एक विनियम बनाउने भन्ने कुरा उल्लेख भइसकेको छ । तर, त्यस्तो विनियममा के-के कुराहरू हुनुपर्छ भन्नेबारे यहाँ चर्चा गरिएको छ :-

- क्लबका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सदस्यहरूको काम, कर्तव्य र अधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था,
- साधारणसभाको काम, कर्तव्य र अधिकारबारे स्पष्ट व्यवस्था,
- क्लबका सल्लाहकार शिक्षक (इको शिक्षक) हरूको काम, कर्तव्य र अधिकारबारे स्पष्ट व्यवस्था,
- कोष संकलनका स्रोत र कोषको सञ्चालनबारे स्पष्ट व्यवस्था,
- क्लबको गठन प्रक्रिया, पदाधिकारीको संख्या, बैठक, पदरिक्तताको अवस्था, पदपूर्ति लगायतका सबै विषयमा विनियममा स्पष्ट व्यवस्था ।

विनियम भनेको क्लबको विधान हो । यसमा क्लब सञ्चालनसँग सम्बन्धित सबै विषयहरू समेट्नुपर्दछ । विनियम बनाउँदा शिक्षक वा सम्बन्धित विज्ञको सहयोग लिनु उपयुक्त हुन्छ ।

## कोष संकलन र सञ्चालन

**कोष संकलन** : इको क्लबको आफ्नो छुट्टै कोष रहन्छ । कोष संकलनका स्रोतहरू विभिन्न हुनसक्छन् । इको क्लबले आफूलाई आवश्यक पर्ने खर्चका लागि रकम संकलन गर्ने स्रोतहरूको

पहिचान र खोजी गर्नुपर्दछ । त्यस्ता स्रोतहरूबाट प्राप्त रकम कोषमा जम्मा गरी आवश्यकताअनुसार खर्च गर्नुपर्दछ । इको क्लबले आफ्नो कोषमा दुई किसिमका खर्चको व्यवस्था मिलाउनुपर्छ । तिनीहरू हुन्-

१. क्लब सञ्चालनको नियमित खर्च र
२. आयोजना वा कार्यक्रम (क्रियाकलाप) को खर्च ।

यी दुवै किसिमका खर्चको लागि अलग-अलग स्रोतबाट रकम संकलन गर्न सकिन्छ ।

## क्लब सञ्चालनको खर्च

यो क्लबको नियमित खर्च हो । यसअन्तर्गत मसलन्द, चिठीपत्र, टेलिफोन, फ्याक्स, इमेल आदिको बिल, पत्रपत्रिका किन्ने खर्च र यस्तै अन्य अत्यावश्यक र नियमित खर्चहरू पर्दछन् । यस्तो खर्चको प्रमुख स्रोत साधारण सदस्यलाई बनाउन सकिन्छ । सदस्यता वितरण गर्दा कक्षागत आधारमा निश्चित शुल्क निर्धारण गरेर कोष संकलन गर्नुपर्दछ । यसका अतिरिक्त विद्यालय र स्थानीय चन्दादातासँग पनि आर्थिक सहयोग माग्न सकिन्छ ।

इको क्लबले प्रदर्शनी, विद्यार्थीका हस्तकलाका सामग्रीहरूको बिक्री, आफ्नो नर्सरीमा भएका बिरुवाहरूको बिक्री आदिबाट पनि कोषमा रकम जम्मा गर्न सक्दछन् ।

## आयोजना वा कार्यक्रमको खर्च

इको क्लबले समयसमयमा सञ्चालन गर्ने आयोजना (Project) वा कार्यक्रम (Programme) को खर्च क्लबको नियमित खर्चभन्दा अलग हो । यस किसिमको खर्चका लागि निश्चित स्रोतबाट रकम जम्मा गर्नु पर्दछ । राम्रो कामका लागि सहयोग गर्ने संघसंस्था र चन्दादाताहरू पाइन्छन् । तर, कस्तो आयोजना वा कार्यक्रमका लागि कस्ता संस्था वा दाताहरूले सहयोग गर्दछन् भन्ने कुरा क्लबले राम्रोसँग बुझ्नुपर्दछ । निम्नअनुसारका स्रोतहरूबाट इको क्लबले आर्थिक सहयोग प्राप्त गर्न सक्दछन् :

- विद्यालय (अनुदान सहयोग),
- विद्यार्थी (चन्दा र चिट्ठा),
- अभिभावक (चन्दा र चिट्ठा),
- पूर्व विद्यार्थी (चन्दा, चिट्ठा, प्रायोजना र अनुदान),
- स्थानीय चन्दादाता महानुभावहरू,
- सरकारी तथा गैरसरकारी संस्थाहरू (प्रायोजन र अनुदान),
- स्थानीय व्यापारिक प्रतिष्ठानहरू र उद्योगहरू (चन्दा, प्रायोजन)
- विद्यार्थीले तयार पारेका सामग्रीहरूको बिक्री

यस्ता स्रोतबाट रकम संकलन गर्दा इको क्लबले सोझै चन्दा वा आर्थिक सहयोग माग्नुहुँदैन । आर्थिक सहयोग आवश्यक पर्नुको कारणबारे स्पष्ट हुने प्रस्ताव (Proposal) सम्बन्धित ठाउँमा पेश गर्नुपर्छ । कस्तो आयोजना वा कार्यक्रम सञ्चालन गर्ने हो, त्यसको उद्देश्य के हो, त्यसबाट विद्यार्थी वा समुदायलाई के फाइदा हुन्छ, त्यसका लागि सो संस्था वा निकायले किन सहयोग गर्नुपर्दछ, जस्ता विषयहरू प्रस्तावमा स्पष्टरूपमा उल्लेख गरिएको हुनुपर्छ । यसका अतिरिक्त आवश्यक परेको रकम र त्यसको खर्चको स्पष्ट

बाडफाँडसमेत गरी एउटा प्रस्ताव तयार गर्नुपर्दछ । यही प्रस्तावको आधारमा मात्र कुनै व्यक्ति, संस्था, व्यापारिक प्रतिष्ठान वा उद्योगहरूसँग आर्थिक सहयोग माग गर्नुपर्दछ । व्यापारिक प्रतिष्ठान वा उद्योगहरूसँग चन्दा वा आर्थिक सहयोग माग्दा प्रायोजकका रूपमा पनि उनीहरूलाई समावेश गर्न सकिन्छ । व्यापारिक प्रतिष्ठान वा उद्योगहरूले आफ्नो सामान वा उत्पादनको बिक्री बढाउन खोजिरहेका हुन्छन् । उनीहरूले आफ्नो प्रचारप्रसार बढाउन खोजिरहेका हुन्छन् । इको क्लबले आफ्नो उद्देश्यअनुरूप आफ्नो आयोजना वा कार्यक्रमको प्रायोजक पनि खोज्न सक्दछ । तर, ध्यान दिनुपर्ने कुरा के छ भने आयोजना वा कार्यक्रमको लिखित प्रस्तावबिना आर्थिक सहयोग वा प्रायोजनका लागि दबाब दिनुहुँदैन । दाताको चित्त बुझाएर मात्र क्लबले सहयोग लिने प्रयास गर्नुपर्दछ ।

## प्रस्ताव लेख्ने ढाँचा

कुनै आयोजना वा कार्यक्रमको एउटा प्रस्ताव तयार गर्नुपर्छ । प्रस्तावको ढाँचा निम्न अनुसार हुनुपर्छ-

१. अयोजना वा कार्यक्रमको नाम
२. आयोजना/कार्यक्रम सञ्चालन गर्ने संस्थाको नाम
३. आयोजना/कार्यक्रमको अवधि
४. आयोजना/कार्यक्रको विवरण
   - परिचय (Introduction of the project/program)
   - सान्दर्भिकता (Rationale)
   - औचित्य (Justification)
   - उद्देश्य (Objective)
   - पद्धति (Methodology)
   - क्रियाकलाप (Activities)
   - कार्यतालिका (Work plan)
   - जम्मा खर्च (Total budget)
   - निष्कर्ष (Conclusion)

उपर्युक्त ढाँचमा प्रस्ताव तयार पारी आफूले सहयोग प्राप्त गर्न चाहेको संस्थामा पेश गर्नुपर्दछ । प्रस्तावसँगै संस्थाका प्रमुखको हस्ताक्षर भएको चिठी पनि हुनुपर्दछ ।

## प्रतिवेदन लेख्ने ढाँचा

कुनै आयोजना वा कार्यक्रम सम्पन्न भए पछि सोसम्बन्धी अन्तिम प्रतिवेदन पनि तयार गर्नुपर्छ । त्यस्तो प्रतिवेदनको ढाँचा निम्न अनुसार हुनुपर्दछ ।

१. आयोजना/कार्यक्रमको नाम
२. आयोजना/कार्यक्रम सञ्चालन गर्ने संस्थाको नाम
३. आयोजना वा कार्यक्रमको अवधि
४. खर्च भएको जम्मा बजेट
५. आर्थिक सहयोग दिने संस्थाको नाम
६. सहयोग रकम
७. प्रतिवेदनको सार
८. आयोजना/कार्यक्रमको विवरण
   - परिचय (Introduction)
   - औचित्य (Justification)
   - उद्देश्य (Objective)
   - पद्धति (Methodology used)
   - क्रियाकलाप (Activities)
   - कार्यतालिका (Work plan)
   - जम्मा खर्च (Total budget)
   - उपलब्धि (Result)
   - निष्कर्ष (Conclusion)

## क्रियाकलापका आधारमा कोष संकलन

इको क्लबको कोष संकलन गर्ने मुख्य स्रोतहरूबारे माथि उल्लेख गरियो । यहाँ क्रियाकलापका आधारमा कोष संकलनका उपायहरूको चर्चा गरिएको छ । विशेष गरेर विद्यार्थीबाट प्राप्त चन्दा, उत्पादन (विद्यार्थीहरूले तयार पारेका सामग्री) हरूको बिक्री, संघसंस्थाहरूबाट अनुदान सहयोग, विद्यालयबाट अनुदान सहयोग र प्रायोजक नै इको क्लबका लागि कोष संकलनका स्रोतहरू हुन् ।

ती स्रोतहरूलाई क्रियाकलापका आधारमा परिचालन गर्नु पर्दछ । विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले क्रियाकलापका आधारमा कोष संकलन गर्न निम्न अनुसारको सुझाव दिएको छ :

| क्रियाकलाप | कोष संकलनका उपायहरू |
|---|---|
| ◆ खेर गइरेहका वस्तुहरूको पुनर्प्रयोगका लागि संकलन (कागज, प्लस्टिक, धातु इत्यादि) | उत्पादनहरूको बिक्री (क्रियाकलापबाट तयार भएका उत्पादनहरूको बिक्री) |
| ◆ खेर गइरहेका कागज, कागजका बट्टा, टिनका बट्टा, प्लास्टिक आदिबाट कलात्मक सामग्री बनाउने | विद्यार्थीबाट चन्दा संकलन |
| ◆ विद्यालयमा नर्सरी बनाउने, कक्षागतरूपमा विरुवा रोपेर तिनलाई हुर्काउने, राम्रो काम गर्नेलाई पुरस्कार दिने इत्यादि | संघसंस्थाबाट प्रायोजन |
| ◆ फोहोरबाट कम्पोष्ट मल बनाउने | विद्यार्थीबाट चन्दा संकलन |
| ◆ कक्षा कोठा र विद्यालयहाताको सरसफाइ (फोहोर संकलन गर्ने, कक्षा कोठा र वरपर डष्टबिन राख्ने) | कम्पनीहरूबाट प्रायोजन |
| ◆ क्लबका क्रियाकलापहरूको मूल्यांकन, अनुगमन, नीतिनिर्माण इत्यादि | प्रस्तावना बनाई अनुदान लिने |
| ◆ शैक्षिक भ्रमण | अभिभावकबाट प्रायोजन |

| क्रियाकलाप | कोष संकलन |
|---|---|
| ◆ चिडियाखानाको सफाइ (सरसफाइका लागि आवश्यक सामग्री खरिद)<br>◆ वृक्षारोपण तथा नर्सरी निर्माणका लागि बीऊ विरुवा खरिद वा संकलन<br>◆ वृक्षारोपण, बगैँचा निर्माण<br>◆ सम्पदाहरूको सरसफाइ<br>◆ विरुवाहरूमा परिचय पाता राख्ने (Tagging Plants)<br>◆ सरसफाइ शिविर, जनचेतना शिविर, प्लाष्टिकविरोधी अभियान<br>◆ छलफल, गोष्ठी, प्रवचन इत्यादि<br>◆ नाटक, कथा, कविता, वक्तृत्व, चित्रकला, हाजिरीजवाफ, निबन्ध प्रतियोगिता इत्यादि<br>◆ कार्यशाला, गोष्ठी, सेमिनार, प्रदर्शनी इत्यादि<br>◆ वातावरणका विविध पक्षहरूको अध्ययन (मौसम, भूक्षय, वनविनास, वन्यजन्तु विनास इत्यादि)<br>◆ वातावरण र सामाजिक क्रियाकलापहरूको अध्ययन/अनुगमन<br>◆ विरुवाहरूका फल, पात, फूल आदिको संकलन, वातावरणका विभिन्न वस्तुहरूको संकलन र अध्ययन (ढुंगा, माटो, पानी), चराचुरुङ्गी, कीटपतङ्ग, वन्यजन्तु आदिबारे अध्ययन/अनुगमन<br>◆ स्थनीय सांस्कृतिक सम्पदाहरूको अध्ययन/अनुगमन | प्रायोजक (व्यापारिक प्रतिष्ठान, उद्योग आदिबाट प्रायोजन गराउन सकिन्छ) |
| ◆ हरित उपहारको तयारी र आदान-प्रदान | विश्व वन्यजन्तु कोषको सहयोग |

उल्लेखित क्रियाकलाप र कोष संकलनका तरीकाहरू उदाहरणस्वरूप प्रस्तुत गरिएका हुन् । यस्तै किसिमका कुनै पनि क्रियाकलापका लागि कुन तरीकाबाट कोष संकलन गर्न उपयुक्त हुन्छ भन्ने निश्चित गरेर मात्र कोष संकलन सुरु गर्नुपर्छ ।

# इको क्लब क्रियाकलाप

इको क्लबले वातावरण संरक्षणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सक्तछ । इको क्लबले दुई किसिमले आफ्नो कार्यक्रम सञ्चालन गर्दछ । पहिलो- स्थानीय वातावरणीय समस्याहरूमा केन्द्रित कार्यक्रम र दोस्रो- राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा विश्वव्यापी वातावरणीय समस्याहरूबारे जानकारी हासिल गर्ने कार्यक्रम ।

पहिलो किसिमका कार्यक्रमहरूमा विद्यार्थीहरू स-साना आयोजनाहरूमा प्रत्यक्ष सहभागी हुन्छन् । आफै काम गर्दछन्, ज्ञान आर्जन गर्दछन् र आफ्नो आनिबानीलाई वातावरणमैत्री बनाउँदै जान्छन् । दोस्रो किसिमका कार्यक्रमहरूमा विद्यार्थीहरू छलफल, प्रवचन, हाजिरीजवाफ, निवन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता वादविवाद प्रतियोगिता, वक्तृत्वकला, अध्ययन आदि माध्यमले वातावरणीय समस्याहरूबारे जानकारी हासिल गर्छन् र स्थानीयस्तरमा त्यस्ता समस्याहरूको प्रभाव कम गर्न सहयोग पुऱ्याउँछन् ।

इको क्लबले आर्थिक स्रोत र समय अनुकूल हुने गरी जुनसुकै कार्यक्रमहरू सञ्चालन गर्नसक्तछ । यस पुस्तिकामा साधारणतया सबै इको क्लबले गर्न सक्ने साझा क्रियाकलापहरूबारे चर्चा गरिएको छ ।

इको क्लबले आफ्ना क्रियाकलापहरूलाई विद्यालयको अतिरिक्त क्रियाकलापसँग समन्वय गरेर अगाडि बढाउन सके बढी सहज हुन्छ । यसो भएमा इको क्लब विद्यालयकै एउटा अभिन्न अंग बन्दछ । यसले इको क्लबको दिगो र संस्थागत विकासमा सघाउ पुग्दछ ।

विद्यार्थीहरूको मुख्य लक्ष आफ्नो पढाइको सफलता हुने भएकोले अध्ययन-अध्यापनमा बाधा नपुग्ने गरी क्लबले आफ्ना कार्यक्रमहरू तय गर्नुपर्दछ ।

तर, इको क्लबका क्रियाकलापमा सहभागी विद्यार्थीहरूलाई पढाइमा अपेक्षित प्रगति गर्न अझ हौसला मिलेको अनुभव विद्यार्थी, शिक्षक तथा अभिभावकहरूसँग छ । त्यसैले इको क्लबका क्रियाकलापहरू विद्यार्थीहरूको पढाइमा बाधा पुऱ्याउन नभएर थप मद्दत पुऱ्याउनकै लागि हो भन्ने कुरामा ध्यान दिनुपर्छ ।

इको क्लबले आफ्ना कार्यक्रमहरू बनाउँदा सामान्यतया स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय तथा विश्वव्यापी समस्याहरूलाई ध्यानमा राख्नुपर्दछ । इको क्लबका धेरै जसो कार्यक्रमहरू स्थानीय समस्याहरूसँग सम्बन्धित भए भने विद्यार्थीहरूमा आफ्नो गाउँठाउँमा भएका वातावरणीय समस्याहरू पहिचान गर्ने र तिनको समाधान गर्ने चेतना जागृत हुन्छ ।

क्लबको नयाँ कार्य समितिले पहिले थालिएका कामहरूलाई निरन्तरता दिने किसिमका कार्यक्रमहरूमा प्राथमिकता दिनुपर्छ । यसो गर्दा विद्यार्थी, शिक्षक, अभिभावक, चन्दादाता, समर्थक तथा

सहयोगी संघसंस्थाले क्लबले गरेका कामहरूको महत्त्व बोध गर्न सक्तछन् ।

इको क्लबका क्रियाकलापहरूले विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमको प्राथमिकताको आधारमा वन संरक्षण, वन्यजन्तु र वनस्पतिका प्रजातिहरूको संरक्षण, जलवायुमा नकारात्मक प्रभाव पार्ने तत्वको न्यूनीकरण र विषादी/प्रदुषक न्यूनीकरणमा सघाउ पुऱ्याउनु पर्दछ ।

वातावरण संरक्षणका लागि भइरहेका कामहरू, वनजंगल र संरक्षित जनावरहरूको स्थिति र वातावरण संरक्षणसम्बन्धी विभिन्न विषयहरूको जानकारी क्लबले सम्बन्धित निकायहरूबाट लिन सक्तछ । त्यस्ता निकायहरू निम्नानुसार हुन सक्तछन् :

- ✡ वन तथा भूसंरक्षण मन्त्रालय र सम्बन्धित विभागहरू,
- ✡ जनसंख्या तथा वातावरण मन्त्रालय र सम्बन्धित विभागहरू,
- ✡ सम्बन्धित मन्त्रालयका जिल्लास्तरका कार्यालयहरू,
- ✡ गैरसरकारी संस्थाहरू,

## स्थानीय सरोकारका कार्यक्रम

मुख्यरूपमा इको क्लबले स्थानीय सरोकारका वातावरणीय समस्याहरूमा आफूलाई केन्द्रित गर्नुपर्दछ । सबैभन्दा पहिले आफ्नो विद्यालय परिसरको वातावरणलाई स्वच्छ र प्राकृतिक बनाएर क्लबले आफ्नो महत्त्व प्रदर्शन गर्न सक्दछ । स्थानीय स्तरका समस्याहरू पहिचान गरी इको क्लबले सामान्यतया निम्न क्रियाकलापहरू सञ्चालन गर्न सक्तछ :

- ✡ विद्यालय परिसरमा हरियाली बढाउन वृक्षारोपण गर्ने र फूलबारी निर्माण गर्ने,
- ✡ विद्यालय हाता सफा राख्ने र उत्पन्न हुने फोहोर व्यवस्थित रूपमा विसर्जन गर्ने व्यवस्था गर्ने,
- ✡ स्थानीय वातावरणीय समस्यहरू पहिचान गरी छलफल, प्रवचन र अन्तर्क्रियाजस्ता कार्यक्रमहरू आयोजना गर्ने,
- ✡ खेर जाने कागजका बट्टा, टुक्राटाक्री र यस्तै अन्य वस्तुहरू प्रयोग गरेर सजावटका सामानहरू बनाउने प्रतियोगिता सञ्चालन गर्ने, खेर गएका कागज, प्लाष्टिक, धातु इत्यादि संकलन गरी पुनर्प्रयोगका लागि संकलन गर्ने, बिक्री गर्ने,
- ✡ कहिलेकाहीं नजिकको निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको छोटो भ्रमणको आयोजना गर्ने,
- ✡ विद्यार्थीहरूलाई आफ्नो घर करेसा सफा राख्न र फूलबारी बनाउन प्रोत्साहन गर्ने र यसबारे प्रतियोगिता सञ्चालन गर्ने,
- ✡ आफ्नो वरिपरि भइरहेको वनजंगलको विनाश, संरक्षित वन्यजन्तु, जलचर र चराचुरुङ्गीको शिकार आदि रोक्न वा कम गर्न मानिसहरूलाई सचेत गराउने र कहिलेकाहीं जनचेतनाका लागि ऱ्याली, सभा, प्रवचनजस्ता कार्यक्रमहरूको आयोजना गर्ने,
- ✡ मानिसका हरेक क्रियाकलापहरूलाई आफ्नो वरिपरिको वातावरणीय

अवस्थासँग जोडेर हेर्ने र यसबारे अरूलाई सम्झाउने,

- ✡ आफ्नो वरिपरिका मठमन्दिर, पाटीपौवा, धारा, चौतारा, नदीनाला, पोखरी र यस्तै अन्य सार्वजनिक स्थलहरू सफा राख्न मानिसहरूलाई प्रोत्साहन गर्ने,
- ✡ स्थानीय कलकारखाना तथा उद्योगधन्दाहरूबाट निस्कने फोहोर नदीनाला वा सार्वजनिक स्थलमा फाल्ने गरिएको छ भने व्यवस्थित रूपमा फोहोर विसर्जन गर्न गराउन सम्बन्धित निकायहरूमा अनुरोध गर्ने,
- ✡ प्लास्टिकको प्रयोग कम गर्ने अभियान थाल्ने । हाटबजार जाँदा जुट वा कपडाको झोला बोक्ने, किनमेलका सामान प्लास्टिकका थैलामा पोको नपार्ने र छरछिमेकमा प्लाष्टिकको प्रयोग कम गर्न सिकाउने,
- ✡ स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका वातावरणीय समस्याहरूको जानकारी दिने किसिमको भित्ते पत्रिका प्रकाशित गर्ने,
- ✡ विभिन्न संघसंस्थाहरूद्वारा आह्वान गरिएका संरक्षणसम्बन्धी क्रियाकलापहरूमा सहाभागी हुने,
- ✡ स्थानीय संघसंस्था र अन्य इको क्लबहरूसँग मिलेर संयुक्त कार्यक्रमहरूको आयोजना गर्ने,
- ✡ स्थानीय निकायहरूद्वारा स्थानीय वातावरणीय समस्याहरू समाधानका विषयमा के-कस्ता कामहरू भइरहेका छन् सोबारे जानकारी लिने र आवश्यक सुझाव प्रस्तुत गर्ने,
- ✡ विविध किसिमका स्थानीय वातावरणीय समस्याहरूको पहिचान गर्न एक आपसमा छलफल गर्ने र इको क्लबको भूमिका निर्धारण गर्ने,
- ✡ वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि गर्न तथा वातावरणका विभिन्न पक्षबारे विद्यार्थी र समुदायलाई जानकारी दिन सडक नाटक वा स्टेज नाटक तयार गरेर प्रदर्शन गर्ने । यस्तै उद्देश्यका लागि पञ्जा पुतली (Glove Puppet) पनि प्रयोग गर्ने,
- ✡ विद्यालय वरपरका प्राकृतिक (वन्यजन्तु, वनस्पति, नदीनाला, तालतलैया, धाराकुवा, पहाडपर्वत इत्यादि) र सांस्कृतिक (मठमन्दिर, गुम्बा, पाटीपौवा, परम्परागत नृत्य, बाजागाजा इत्यादि) सम्पदाका बारेमा अध्ययन/अनुगमन गरी प्रतिवेदन तयार पार्ने र त्यसमाथि छलफल, अन्तर्क्रिया, प्रवचन आदिको आयोजना गर्ने,
- ✡ जनचेतना अभिवृद्धिका लागि जानकारीमूलक पोष्टरहरू तयार गर्ने,
- ✡ विद्यालयहाता, आफ्नो गाउँ वा शहरमा रहेका विभिन्न जातका विरुवाहरूमा तिनीहरूको परिचय खुल्ने जानकारी लेखेर टाँस्ने वा झुण्ड्याउने । यसो गर्न आवश्यकता अनुसारको नापमा टिनका पाता प्रयोग गर्नुपर्छ । परिचयमा विरुवाको प्रकार (सपुष्पक/अपुष्पक), परिवार (Family), अंग्रेजी नाम, स्थानीय

नाम, वैज्ञानिक नाम इत्यादि समावेश गर्नुपर्छ र

- ✡ पुरानो कागतलाई पुनर्उत्पादन (Recycle) गरी तिनीहरूबाट सजावटका सामान, फाइल, शुभकामना कार्ड इत्यादि बनाउने र यस्तो प्रतियोगिता संचालन गर्ने ।

आफ्नो ठाउँका समस्याहरूका आधारमा उपर्युक्त क्रियाकलापमध्येबाट वा यस्तै खालका अन्य क्रियाकलापहरू क्लबले सञ्चालन गर्न सक्तछ ।

## राष्ट्रिय सरोकारका कार्यक्रम

राष्ट्रियस्तरमा देखिएका वातावरणीय समस्याका बारेमा जानकारी लिई त्यसतर्फ सचेत हुन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने काम इको क्लबले गर्न सक्दछ ।

राष्ट्रियस्तरका वातावरणीय समस्याहरूका सम्बन्धमा क्लबले निम्नअनुसारका काम गर्न सक्तछ :

- ✡ मुलुकमा रहेका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र आदिका बारेमा जानकारी लिने र अध्ययन गर्ने,
- ✡ आफ्नो देशका तालतलैया, नदीनाला र अन्य सिमसार क्षेत्र तथा घाँसेक्षेत्र (Grassland) का बारेमा जानकारी लिने र तिनको महत्त्व तथा स्थितिका बारेमा अध्ययन गर्ने
- ✡ मुलुकमा देखिएको प्रदूषण समस्या (ध्वनि, वायु, जल, थल आदि) का बारेमा जनकारी लिने
- ✡ स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय समस्याहरूमा केन्द्रित रहेर प्रवचन, वादविवाद, हाजिरीजवाफ, चित्रकला, निवन्ध लेखन, कविता, कथा, गीत लेखन र गायन आदि प्रतियोगिताहरू सञ्चालन गर्ने,
- ✡ प्राकृतिक स्रोत संरक्षण र तिनको उपयोगका बारेमा विकसित हुँदै गएका अवधारणाहरू बारे जानकारी लिने,
- ✡ वातावरणीय समस्या र वातावरण सुधारका प्रयासका सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित समाचारहरू संकलन गरी अवलोकन गर्ने, भित्ते पत्रिका प्रकाशित गर्ने,
- ✡ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा मनाइने कार्यक्रमहरू, जस्तै : विश्व वातावरण दिवस, विश्व खानेपानी दिवस, विश्व सिमसार दिवस, विश्व धुमपानरहित दिवस आदि अवसरमा विभिन्न कार्यक्रम, प्रतियोगिता तथा र्‍यालीको आयोजना गर्ने,
- ✡ आफ्नो देशको वन, वन्यजन्तु र वातावरणको समग्रस्थितिका बारे सम्बन्धित निकायहरूबाट जानकारी लिने र अध्ययन गर्ने,
- ✡ आफ्नो देशमा रहेका संकटापन्न जीव र वनस्पतिका बारे जानकारी लिई तिनीहरूको वर्तमान स्थिति, महत्त्व र संभावित भविष्यका बारेमा जानकारी प्रवाह गर्ने,

- ✡ मुलुकमा भइरहेका संरक्षण क्रियाकलापका बारे जानकारी लिने,
- ✡ वन विनाश, वन्यजन्तु शिकार, वनस्पति र वन्यजन्तुका आखेटोपहारको अवैध ओसार-पसार र बिक्रीवितरणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनबारे सम्बन्धित विशेषज्ञको सहयोगमा प्रवचनको आयोजना गर्ने,
- ✡ वन, वन्यजन्तु र मानवबीचको अन्योन्याश्रित सम्बन्धका बारेमा सम्बन्धित विशेषज्ञको सहयोगमा प्रवचनको आयोजना गर्ने ।

## अन्तर्राष्ट्रिय तथा विश्वव्यापी सरोकारका कार्यक्रम

विश्वकै मानव जातिलाई कुनै न कुनै दृष्टिले वातावरणीय रूपमा नकारात्मक प्रभाव पार्ने खालका साझा समस्याहरूलाई अन्तर्राष्ट्रिय समस्याको रूपमा लिने गरिएको छ । यस्ता समस्याहरूमा ओजोन तहको विनाश, जलवायुमा परिवर्तन, समुद्री सतहमा वृद्धि, पृथ्वीको तापक्रम वृद्धि, वनस्पति र वन्यजन्तुको लोप, क्षेत्रीय एवं सीमावर्ती सवालहरू (वन्यजन्तुको विचरण, बसाइँसराइ, बाढी पहिरोको असर आदि) पर्दछन् ।

नेपालको सन्दर्भमा हिमतालको विष्फोट, हिमरेखामा परिवर्तन (हिउँको परिमाणमा कमी) हुने समस्याहरू प्रमुख रहेका छन् । यी साझा समस्याहरूको समाधानको लागि विश्व समुदायको साझा दायित्व रहने कुरामा विश्वका मानिसहरू सचेत हुँदै गइरहेका छन् । यस्ता विषयहरूको जानकारी सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित लेख आदिबाट पाउन सकिन्छ । यस्ता अन्तर्राष्ट्रिय वातावरणीय समस्याहरूका विषयमा इको क्लबले निम्न क्रियाकलापहरू सञ्चालन गर्न सक्तछ :

- ✡ अन्तर्राष्ट्रिय तथा विश्वव्यापी वातावरणीय समस्यहरू के-के हुन, तिनका प्रमुख कारणहरू के-के हुन् र तिनको समाधानका लागि के-कस्ता प्रयासहरू भइरहेका छन् भन्ने विषयमा जानकारी लिने,
- ✡ सम्बन्धित विज्ञको सहयोगमा प्रवचन, अन्तर्क्रिया तथा छलफलजस्ता कार्यक्रमको आयोजना गर्ने, यस्ता समस्याहरूका बारेमा पत्रपत्रिकामा प्रकाशित समाचार तथा लेख रचनाहरू संकलन गरी समाचार अवलोकन पाटी तथा भित्ते पत्रिकामा समावेश गर्ने,
- ✡ यस्ता समस्यहरूमा केन्द्रित रहेर प्रवचन, चित्रकला, लेख रचना आदि प्रतियोगिता सञ्चालन गर्ने,

उपर्युक्तमध्ये केही नमूना क्रियाकलापलाई यस पुस्तिकामा अलगअलग शीर्षकमा चर्चा गरिएको छ ।

# विद्यालय हाताको सरसफाइ

स्वस्थ वातावरणको एउटा महत्त्वपूर्ण पक्ष सरसफाइ पनि हो । मानिसका अनेक क्रियाक्लापबाट नै फोहोर उत्पन्न हुन्छ । उत्पन्न फोहोरको उचित व्यवस्थापन गरेर आफ्नो परिसर सफा सुग्घर राख्नु मानिसको आफ्नै कर्तव्य हो ।

हरेक घरबाट फोहोर उत्पन्न हुन्छ । उद्योगधन्दा, कलकारखानाहरू फोहोर उत्पन्न हुने प्रमुख ठाउँहरू हुन् । विद्यालय पनि धेरै संख्यामा मानिसको उपस्थिति हुने ठाउँ हो । विद्यार्थीहरूका क्रियाक्लापले विद्यालय परिसरमा अनेक किसिमका फोहोरहरू जम्मा हुन्छन् ।

फोहोर प्रदूषणको स्रोत हो । फोहोरले जमिन, पानी, हावा सबैलाई प्रदूषित बनाउँछ । उद्योग, कलकारखानाहरूमा प्रयोग हुने रसायन, रंग, इन्धन आदिले विभिन्न किसिमका प्रदूषण फैलाइरहेका हुन्छन् । घर, विद्यालयबाट निस्कने फोहोर पनि बिस्तारै जम्मा हुँदै गएपछि त्यसले प्रदूषण फैलाउँछ । प्रदूषणले प्राकृतिक वातावरणमा ह्रास ल्याउँछ जसले मानिसको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्दछ ।

फोहोरका स्रोतहरू, फोहोरको व्यवस्थापन तथा फोहोरबाट वातावरण र मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावका सबै पक्षबारे यहाँ चर्चा गरिएको छैन । विद्यालय हातामा जम्मा हुने फोहोरको व्यवस्थापनमा इको क्लबले गर्नसक्ने योगदानबारे यहाँ संक्षेपमा चर्चा गरिएको छ ।

सामान्यतया विद्यालय हातामा दुई किसिमको फोहोर जम्मा हुन्छ- कुहिने र नकुहिने । कुहिने फोहोरहरूमा फलफूलका टुक्रा, बोक्रा, कोया, खाजामा बढी भएको खानेकुरा, कागतका टुक्रा, झारपात आदि पर्दछन् । नकुहिने फोहोरमा बिस्कुट, चाउचाउ, चकलेट आदिका खोल, प्लाष्टिकका झोला पानीका बोतल, बिग्रिएका कलम, सिसाकलम, डटपेन, सीसा आदि पर्दछन् ।

विद्यालय हातामा जम्मा हुने यसप्रकारका फोहोरहरूलाई व्यवस्थित रूपमा तह लगाउनमा इको क्लबले योगदान गर्न सक्तछ । इको क्लबले विद्यालय हाताको सरसफाइलाई आफ्नो नियमित कार्यक्रममा समावेश गर्नुपर्दछ । सरसफाइ मानव सभ्यताको प्रतिक हो । विद्यालयमा अध्ययनरत विभिन्न उमेरसमूहका (विशेष गरी स-साना बालबालिका) विद्यार्थीहरूलाई आफ्नो परिसरको आफैंले सरसफाइ गर्न सिकाउनमा इको क्लबले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्तछ ।

## विद्यालय हाता कसरी सफा राख्ने ?

विद्यालय हाता सफा राख्न दुई किसिमको तरिका अपनाउन सकिन्छ । पहिलो- फोहोर नियन्त्रण गर्ने अर्थात् फोहोर हुन नदिने र दोस्रो-टुङ्गोमा पुऱ्याएर फोहोर जम्मा गर्ने ।

पहिलो तरीकामा विद्यार्थीहरूलाई विद्यालयहातामा जथाभावी फोहोर नगर्न प्रेरित गर्नुपर्छ । यस निमित्त खाने कुराहरू खेर नफाल्ने, प्लास्टिकमा प्याक गरिएका खाने कुराको प्रयोग कम गर्ने, कागत नच्यात्ने आदि कुरामा

विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुपर्दछ । यसले फोहोरको मात्रा कम हुन सहयोग पुग्दछ र विद्यार्थीहरूमा जथाभावी फोहोर गर्नुहुन्न भन्ने चेतनासमेत जागृत हुन्छ ।

दोस्रो तरिकामा विद्यार्थीहरूलाई आफ्नो क्रियाकलापबाट उत्पन्न फोहोरलाई ढ्वाङमा फाल्ने वा घरमा फिर्ता गर्नेतर्फ प्रेरित गर्नुपर्छ । यसका लागि इको क्लबले विद्यालय हाताभित्र उपयुक्त ठाउँहरूमा केही ढ्वाङहरू राख्नुपर्दछ । कुहिने र नकुहिने फोहोरका लागि अलगअलग ढ्वाङ राख्न सके फोहोर छुट्याइरहनुपर्ने झन्झट पर्दैन । विद्यार्थीहरूलाई आफूसँग भएको फोहोर ढ्वाङमा फाल्न प्रेरित गर्नुपर्छ ।

## ढ्वाङमा जम्मा भएको फोहोर के गर्ने ?

ढ्वाङमा जम्मा भएको फोहोरलाई कसरी व्यवस्थित गर्ने भन्ने प्रश्न निकै गहन छ । विद्यालय हातामा फोहोरबाट मल बनाउने वा अन्य तरिकाले सदुपयोग गर्ने काम गर्न सहज र उपयुक्त नहुन सक्छ । सबै काम गर्न संभव पनि हुँदैन । तर ढ्वाङमा जम्मा भएको फोहोरलाई व्यवस्थित गर्ने काम इको क्लबले गर्नुपर्दछ ।

कुहिने फोहोरहरूलाई विद्यालय हाताको एउटा कुनामा खाल्टो खनेर गाड्न सकिन्छ । अथवा, नजिकमा कृषक छिमेकी भए मल बनाउने प्रयोजनका लागि दिन सकिन्छ । ग्रामीण क्षेत्रमा यसो गर्न सहज हुन्छ । नजिकै प्राङ्गारिक मल बनाउने ठाउँ छ भने त्यहाँ दिन सकिन्छ । कुहिने फोहोरलाई एउटा निश्चित समयमा तह लगाउने व्यवस्था गर्न सकिन्छ । नगरपालिका वा गा.वि.स.को फोहोर व्यवस्थापन गर्ने निकायलाई पनि यस्तो फोहोर जिम्मा लगाउन सकिन्छ ।

नकुहिने फोहोरले जमिनलाई दीर्घकालीन रूपमा प्रदूषित गराउँछ । नकुहिने वस्तुहरू यत्रतत्र छरिएर हुने प्रदूषणलाई ठोस प्रदूषण (Solid Pollution) पनि भनिन्छ । ढ्वाङमा जम्मा भएको नकुहिने फोहोर तह लगाउन सजिलो छैन । यसलाई खाल्डो खनेर पुर्नु पनि हुँदैन । यस्तो फोहोर पुन: प्रयोग (Reuse) गर्ने वा पुन:उत्पादन (Recycle) का लागि पठाउने गर्न सकिन्छ । यो नै सबैभन्दा राम्रो उपाय हो । यस्तो फोहोर जम्मा गरेर पुन:उत्पादनका लागि पुराना वस्तु संकलन गर्ने मानिस वा त्यस्ता व्यवसायीहरूलाई दिने व्यवस्था मिलाउन सकिन्छ । माथि उल्लेख गरिएका फोहोरका अतिरिक्त विद्यालयका भित्ता अनावश्यक रूपमा कोर्ने वा अरू तरिकाले फोहोर पार्ने प्रवृति निरूत्साहित गर्नुपर्दछ ।

## विद्यालयहाता सरसफाइको महत्त्व

सरसफाइको महत्त्व अत्यन्त ठूलो छ । विद्यार्थी भाइबहिनीहरूलाई यसबारेमा धेरै जानकारी पनि छ । यहाँ विद्यालयहाता सरसफाइ गर्ने इको क्लबको नियमित कार्यक्रमको महत्त्वका बारेमा उल्लेख गरिन्छः

- ✡ विद्यार्थीहरूमा कम फोहोर उत्पन्न गर्ने बानी बस्दछ,
- ✡ विद्यालयमा बसेको बानी र सिकेको सीपले विद्यार्थीलाई आफ्नो घर सफा राख्ने बानी बसाउँछ । यसले व्यक्तिगत र सामुदायिक सरसफाइमा दुरगामी प्रभाव पार्दछ ।

# वृक्षारोपण र बगैंचा निर्माण

## वृक्षारोपण

इको क्लबले आफ्नो विद्यालय परिसरमा हरियाली बढाउने काम पनि गर्नसक्दछ । इको क्लबका सदस्यले आफ्नो फुर्सदको समय विद्यालय परिसरमा हरियाली बढाउन र बगैंचा (फूलबारी) निर्माण गर्न सदुपयोग गर्नुपर्दछ ।

अधिकांश विद्यालयहरूको केही न केही कम्पाउण्ड अर्थात आफ्नो जग्गा रहन्छ । ग्रामीण क्षेत्रका विद्यालयहरूको त निकै क्षेत्रफल आफ्नो स्वामित्वमा रहेको हुन्छ । शहरी क्षेत्रका पनि धेरै विद्यालयहरूमा खाली जमिन वा खाली ठाउँ हुन्छ । त्यस्तो खाली ठाउँमा वृक्षारोपण गरेर हरियाली बढाउन सकिन्छ । रूख विरुवाको महत्त्वका बरेमा यहाँ धेरै चर्चा गरिरहनु पर्दैन । विद्यार्थी भाइबहिनीहरूले यसबारेमा धेरै जानकारी हासिल गरेका हुन्छन् । विद्यालय हाताको खाली ठाउँमा रूखविरुवा रोप्ने योजना इको क्लबले बनाउनुपर्दछ । ठाउँअनुसार उपयुक्त जातको विरुवा छनोट गरी उपयुक्त मौसममा रोपण गर्नुपर्दछ ।

यस काममा इको शिक्षकले विद्यार्थीहरूलाई आवश्यक सहयोग र सुझाव दिनुपर्दछ । विरुवा रोप्नुभन्दा पहिले कुन-कुन जातका कतिवटा विरुवा रोप्ने भन्ने बारेमा स्पष्ट योजना इको क्लबले बनाउनुपर्दछ । शिक्षकको सल्लाहमा बनाइएको योजनाअनुरूप नजिकको नर्सरी वा जिल्ला वन कार्यालयबाट विरुवा प्राप्त गर्नुपर्दछ । विद्यालय हातामा रोपिने विरुवा धेरै अग्लो नहुने र शोभान्जन (Ornamental) हुनु उपयुक्त हुन्छ ।

विरुवा रोपेपछि अर्को महत्त्वपूर्ण काम त्यसको संरक्षण हो । रोपेर मात्र इको क्लबको जिम्मेवारी पूरा हुँदैन । रोपिएको विरूवालाई संरक्षण दिएर हुर्काउनु पर्दछ । यसका लागि समयसमयमा विरुवामा सिँचाइं गर्ने, गोडमेल गर्ने, मल हाल्ने तथा वरिपरि बारेर नष्ट हुनबाट जोगाउने काम गर्नुपर्दछ । रोपिएका विरुवाहरू हुर्काउन इको क्लबले आफ्ना सदस्यहरूको समूह बनाई प्रत्येक समूहलाई एउटा विरुवा जिम्मा लगाउनुपर्दछ । यसो गर्दा आ-आफ्नो समूहको विरुवा हुर्काउन समुचित ध्यान पुग्दछ ।

विद्यालय हातामा सधैंभरि वृक्षारोपण गरिरहनु पर्ने आवश्यकता पर्दैन । एक पटक विरुवा हुर्काएपछि त्यो धेरै वर्षसम्म रहन्छ । तर, शोभान्जन विरुवाहरूलाई समय-समयमा काटछाँट गर्ने र राम्रो बनाउने काम गरिरहनुपर्छ ।

## फूलबारी (बगैंचा)

वृक्षारोपणसँगै इको क्लबले फूलबारी (बगैंचा) बनाउने काम पनि गर्न सक्दछ । ठूला रूख हुने विरुवा रोप्ने ठाउँ नहुने विद्यालयहरूमा इको क्लबले फूलबारी नर्माण गरेर विद्यालयलाई सुन्दर र मनमोहक बनाइराख्न सक्दछ । फूलबारी बनाउनु शहर

र ग्रामीण दुवै क्षेत्रका विद्यालयहरूमा उपयुक्त हुन्छ ।

फूलका विरुवाहरू रोप्न थाल्नुअघि इको क्लबले ठाउँको उपयुक्त छनोट गर्नुपर्छ । थोरै, सानो र साँघुरो ठाउँमा पनि चिटिक्क परेको बगैंचा बनाउन सकिन्छ । विद्यालयहातामा एक भन्दा बढी ठाउँहरूमा स-साना बगैंचाहरू पनि बनाउन सकिन्छ ।

ठाउँको छनोट गरेपछि माटो तयार गरेर मौसमअनुसारका फूल र अन्य शोभाञ्जन (Ornamental) विरुवाहरू रोप्नु पर्दछ । यस्ता विरुवाहरू नजिकको नर्सरीबाट वा जिल्ला वन कार्यालयको सहयोगबाट प्राप्त गर्न सकिन्छ । बगैंचामा रोप्ने विभिन्न जातका विरुवाहरू विद्यार्थीहरूका घरबाट पनि संकलन गर्न सकिन्छ । प्राय:जसो घरहरूमा कुनै न कुनै जातको फूल वा शोभाञ्जन विरुवा रोपिएकै हुन्छ ।

बगैंचा बनाउन विरुवाहरू रोपिसके पछि तिनलाई हुर्काउन पनि उत्तिकै मेहनत गर्नुपर्छ । इको क्लबका सदस्यहरूको समूह बनाएर बगैंचाको हेरचाह गर्नुपर्दछ । गोडमेल, सिँचाइ, घेराबेरा लगायतका काम गरेर हरेक समूहले आ-आफ्नो बगैंचा हुर्काउनु पर्दछ । यसका लागि हरेक समूहले समयको चाँजोपाँजो राम्ररी मिलाउनु पर्दछ ।

एक चोटी कल्पना गरौं त ! यसरी बनाइएको बगैंचामा फूलेका फूलहरूले विद्यार्थी भाइबहिनी, अभिभावक, शिक्षकहरूलाई कति रोमाञ्चक बनाउँदो हो !

## गमला बगैंचा

फूलबारी बनाउने वा वृक्षारोपण गर्ने ठाउँ नहुने विद्यालयमा इको क्लबले गमला बगैंचा पनि बनाउन सक्दछ । विद्यालय भवनका खाली ठाउँहरू, वरन्डा वा यस्तै किसिमका उपयुक्त ठाउँहरूमा गमला राखेर फूल र अन्य शोभाञ्जन विरुवाहरू हुर्काउन सकिन्छ । यस्ता गमलाहरूलाई कक्षाकोठा, कार्यालय वा यस्तै अन्य ठाउँहरूमा राखेर विद्यालयको सौन्दर्य बढाउन सकिन्छ । यस कामका लागि पनि इको क्लबका सदस्यहरूको समूह निर्माण गरेर कुन समूहले कतिवटा गमलामा विरुवा हुर्काउने र संरक्षण गर्ने भन्ने निश्चित गर्न सकिन्छ । यसो गर्दा राम्ररी विरुवा हुर्काउने समूहलाई पुरस्कृत पनि गर्न सकिन्छ ।

## फाइदा

वृक्षारोपण गर्ने र बगैंचा बनाउने जस्ता कामहरू आफैंमा महत्त्वपूर्ण छन् । यसबाट प्राकृतिक सौन्दर्य बढ्छ र हाम्रो परिसर हरियाली हुन्छ । यसअतिरिक्त यसबाट निम्न फाइदाहरू पुग्दछन् :

- ❖ विद्यार्थीहरूलाई आफ्नो घर वरिपरि पनि विरुवा रोप्ने र बगैंचा बनाउने प्रेरणा मिल्दछ,
- ❖ केही न केही काम गरिरहने बानीको विकास हुन्छ,
- ❖ अभिभावक र छरछिमेकमा पनि विद्यार्थीको कामको सकारात्मक प्रभाव पर्दछ र त्यसले गाउँ-घरमा हरियाली वृद्धि गर्न सघाउ पुऱ्याउँछ ।

# प्रकृति भ्रमण

इको क्लबका लागि प्रकृति भ्रमण (Nature walk) एउटा महत्त्वपूर्ण र नभइनहुने पक्ष हो । प्रकृति संरक्षणको अभियानमा सक्रिय हुनेहरू समय-समयमा प्रकृति भ्रमणमा गइरहनु आवश्यक हुन्छ ।

## के हो प्रकृति भ्रमण ?

आफू वरपरका प्राकृतिक क्षेत्रको भ्रमण गर्ने र तिनको अवस्था, विशेषता र महत्त्वका बारेमा आफैंले अनुभव गर्ने कार्यलाई प्रकृति भ्रमण भनिएको हो । यस्तो भ्रमण नजिकैका वन्यक्षेत्र, घाँसेचौर, नदी, ताल तलैया, सिमसार र विशेष महत्त्व राख्ने प्राकृतिक क्षेत्रहरूमा गर्न सकिन्छ । यस्ता ठाउँहरूका अतिरिक्त राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षणक्षेत्र आदि जस्ता संरक्षित क्षेत्रहरू प्रकृति भ्रमणका लागि उपयुक्त क्षेत्रहरू हुन् ।

## भ्रमणको उद्देश्य

सामान्यतया हामी जुनसुकै बेला प्रकृति भ्रमणमा जान सक्छौं । सामान्य हिंडडुल गर्दा वा कुनै काम विशेषले यात्रा गर्दा पनि हामीले प्राकृतिक क्षेत्रको भ्रमण गरिरहेका हुन्छौं । यस अतिरिक्त हामी मनोरञ्जनका उद्देश्यले पनि प्रकृति भ्रमण गर्न रूचाउँछौं । तर यस्ता भ्रमणहरू संरक्षण शिक्षाका उद्देश्यले आयोजना गरिएका हुँदैनन् र उद्देश्यमूलक हुँदैनन् । इको क्लबले आयोजना गर्ने प्रकृति भ्रमण भने उद्देश्यमूलक र संरक्षण शिक्षा प्राप्तिप्रति उन्मुख हुनुपर्दछ । उद्देश्य र आशातित उपलब्धिहरू स्पष्ट गरेर मात्र भ्रमणको आयोजना गर्नुपर्दछ । कुनै विषयमा पढेर वा सुनेर जानकारी प्राप्त गर्नुभन्दा प्रत्यक्ष देखेर र आफैंले अनुभव गरेर जानकारी प्राप्त गर्नु बढी प्रभावकारी हुन्छ । सामान्यतया प्रकृति भ्रमणका उद्देश्यहरू निम्नबमोजिम हुन्छन् :

- कुनै प्राकृतिक क्षेत्रको वातावरणीय विशेषता र महत्त्वका बारेमा जानकारी प्राप्त गर्नु
- प्राकृतिक वातावरणलाई प्रत्यक्षरूपमा अवलोकन गर्नु
- प्राकृतिक क्षेत्रका जीवजन्तु र वनस्पतिका बारेमा जानकारी हासिल गर्नु
- कुनै प्राकृतिक क्षेत्र र त्यस वरपरका मानिसहरूको अन्तरसम्बन्ध र त्यसमाथि परेको प्रभावबारे जानकारी लिनु ।

## भ्रमणको समय

कुनै प्राकृतिक क्षेत्रको भ्रमण गर्न कुन मौसम वा समय बढी उपयुक्त हुन्छ भन्ने बारेमा राम्रोसँग ध्यान पुऱ्याउनुपर्छ । भ्रमणमा गएपछि त्यसका उद्देश्यहरू पनि पूरा हुनुपर्दछ । प्रकृति भ्रमणमा जानुपूर्व त्यहाँको

वातावरणीय अवस्थाका बारेमा सकेसम्म बढी जानकारी प्राप्त होस् भन्ने कुरालाई ध्यानमा राखेर भ्रमणको समय निर्धारण गर्नुपर्दछ । जाडो, गर्मी, वर्षा र भ्रमण गर्ने ठाउँको विशेषताका आधारमा भ्रमण योजना बनाउनुपर्दछ ।

## भ्रमण योजना र व्यवस्थापन

भ्रमणमा निस्कनुपूर्व राम्रोसँग भ्रमण योजना बनाउनुर्छ । भ्रमण योजना बनाउन र उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने जिम्मा इको शिक्षकले लिनुपर्दछ । इको शिक्षकको सहयोग र कुशलताले मात्र भ्रमण सफल हुन सक्तछ । विद्यार्थीहरूलाई लिएर भ्रमणमा निस्कनुपूर्व भ्रमण गर्ने क्षेत्रका बारेमा इको शिक्षकले आवश्यक जानकारी प्राप्त गर्नुपर्दछ । सकेसम्म इको शिक्षकले एकपटक प्रारम्भिक भ्रमण गरेर जानकारी हासिल गर्नु बढी उपयुक्त हुन्छ । यसो गरियो भने भ्रमण व्यवस्थापन सहज हुन्छ ।

## भ्रमण अवधि

भ्रमण गरिने क्षेत्रको दूरी, भौगोलिक अवस्था, उपलब्ध सुविधा (खाने, बस्ने), यातायात आदिका आधारमा विद्यार्थी संख्या र भ्रमण अवधि निर्धारण गर्नुपर्दछ । यस्तो भ्रमण भद्दा र धेरै लामो हुनुहुँदैन । भ्रमण क्षेत्रको विशेषताका आधारमा एक दिन (बिहान गएर साँझमा फर्कने), दुई दिन एक रात (एक रात बस बस्ने) वा दुई रात तीन दिन (दुई रात बास बस्ने) आदि अवधि निर्धारण गर्नुपर्दछ । यसभन्दा लामो भ्रमण भद्दा हुन्छ र व्यवस्थापनमा पनि कठिनाइ उत्पन्न हुन्छ । भ्रमण अवधि निर्धारण गर्दा सहभागी हुने विद्यार्थीहरूको उमेरलाई पनि ध्यान दिनुपर्दछ । स-साना भाइबहिनीहरूलाई एक दिन वा दुई दिन एक रातभन्दा बढीको भ्रमणमा नलैजानु राम्रो हुन्छ ।

## आवश्यक सामग्री

भ्रमण गर्ने क्षेत्रको प्राकृतिक विशेषता र भ्रमण अवधिका आधारमा आवश्यक सामग्रीहरूको व्यवस्था गर्नुपर्दछ । खाने र बास बस्ने ठाउँ र सोसम्बन्धी सुविधाअनुसार सामग्री, लगाउने लुगा, ओढ्नेओछ्याउने लुगा आदि सामग्रीहरूको उचित व्यवस्था गर्नुपर्दछ । रात बस्ने भ्रमणमा आवश्यक उज्यालोको पनि राम्रो प्रबन्ध गर्नुपर्दछ । हरेक सहभागीसँग आफ्नो टर्चलाइट र अन्य आवश्यक सामग्रीहरू हुनुपर्दछ । आवश्यकताअनुसार क्यामरा, दुरविन (Binoculars), कपि-कलम बोक्नुपर्दछ ।

## अवलोकन प्रतिवेदन

इको क्लबले गर्ने भ्रमण संरक्षण शिक्षा भ्रमण हो अर्थात् यो पूर्णरूपमा शैक्षिक भ्रमण हो । यस्ता भ्रमणले निश्चित उद्देश्यहरू हासिल गर्नुपर्दछ । विद्यार्थीहरूले उद्देश्यअनुरूप अवलोकन गरी जानकारी हासिल गर्नुपर्दछ । अन्त्यमा विद्यार्थीले अवलोकन प्रतिवेदन तयार गर्नुपर्दछ । सहभागी विद्यार्थीहरूले कुन कुन शीर्षकमा प्रतिवेदन तयार गर्ने भन्नेबारे पहिले नै निश्चित गर्नुपर्दछ । यसमा इको शिक्षकले सहयोग पुऱ्याउनुपर्दछ । भ्रमणपछि कतिवटा प्रतिवेदन तयार गर्ने हो सो आधारमा समूह

बनाउनुपर्दछ । हरेक समूहले आफूले तयार पार्ने प्रतिवेदनको शीर्षकका आधारमा आफूलाई निर्देशित गर्नुपर्दछ । जस्तो: कुनै एउटा वनक्षेत्रको भ्रमण गरिँदैछ भने त्यहाँ पाइने वनस्पति, स्तनधारी जनावर, चरा, मानवीय क्रियाकलापको प्रभाव (अतिक्रमण, फडानी, चरिचरन, डढेलो आदि), प्राकृतिक विशेषता आदिका बारेमा छुट्टाछुट्टै अवलोकन प्रतिवेदन तयार गर्न सकिन्छ ।

भ्रमण पूरा गरेर फर्किएपछि निश्चित समयभित्र प्रतिवेदन तयार गरी सबै सहभागी, शिक्षक र अन्य विद्यार्थी एवं सम्भव भए अभिभावकहरू समेतको उपस्थितिमा अवलोकन प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ ।

## स्रोतव्यक्ति

प्रकृति भ्रमणमा स्रोत व्यक्तिको निकै ठूलो महत्त्व हुन्छ । यस्तो भ्रमणमा इको शिक्षक नै मुख्य स्रोतव्यक्ति हुनुपर्दछ । शिक्षक बाहेक भ्रमण गरिने क्षेत्रका बारेमा जानकारी राख्ने गाउँले; वातावरण, विज्ञान, सामाजिक शिक्षा पढाउने शिक्षक; प्राकृतिक क्षेत्रका अध्येताजस्ता व्यक्तिहरूलाई पनि स्रोतव्यक्तिका रूपमा भ्रमणमा सहभागी गराउन सकिन्छ । कुनै संरक्षित क्षेत्रको भ्रमण गर्न लागिएको हो भने त्यहाँको व्यवस्थापन कार्यालयका कर्मचारीलाई स्रोतव्यक्तिका रूपमा अनिवार्य सहभागी गराउनुपर्छ । विद्यार्थीहरूले आफूले जान्न चाहेको विषयमा स्रोतव्यक्तिबाट जानकारी हासिल गर्नुपर्दछ ।

## भ्रमण खर्च

यस्ता छोटा अवधिका प्रकृति भ्रमणहरू सकेसम्म सहभागी विद्यार्थीहरू स्वयंको खर्चमा आयोजना गर्नु बढी उपयुक्त हुन्छ । भ्रमणलाई कम खर्चिलो र मितव्ययी बनाउन इको शिक्षकले विशेष ध्यान दिनुपर्छ । खर्चको केही अंश इको क्लबको कोष, विद्यालयको अनुदान, सामाजिक संघसंस्था वा व्यापारिक संस्थाको प्रायोजनबाट पनि जुटाउन सकिन्छ ।

## ध्यान दिनुपर्ने कुराहरू

- भ्रमणलाई कम खर्चिलो, मितव्ययी र तडकभडकरहित बनाउनुपर्छ ।
- भ्रमण क्षेत्रमा अवलोकनका विषय पहिले नै निर्धारित र सुरक्षित हुनुपर्छ ।
- अवलोकनका क्रममा ठूलो आवाज निकाल्ने, गीत गाउने वा बाजा बजाउने वा एकै ठाउँमा धेरै बेर ठूलो जमघट गर्नेजस्ता कुनै पनि काम गर्नुहुँदैन ।
- भ्रमणमा सुरक्षाप्रति विशेष चनाखो हुनुपर्छ, वन्यजन्तुको आक्रमण, सर्पदंश वा अन्य सम्भावित दुर्घटना नहोस् भन्नेमा पूर्ण चनाखो र सतर्क रहनुपर्दछ । यसनिमित्त स्रोतव्यक्तिको निर्देशनको पूर्ण पालना हुनुपर्दछ । स्रोतव्यक्तिले सम्भावित दुर्घटना रोक्न सबै किसिमका उपायहरू अपनाउनुपर्दछ ।
- प्राथमिक उपचार बाकस बोक्न बिर्सनुहुँदैन ।
- भ्रमण टोलीले आफूले भ्रमण गरेको ठाउँमा कुनै किसिमको संकेतहरू छोड्नुहुँदैन ।

# प्रवचन, छलफल, अन्तर्क्रिया

वातावरणीय समस्या र वातावरण संरक्षणसम्बन्धी समसामयिक जानकारी हासिल गर्न प्रवचन कार्यक्रमको आयोजना गर्न सकिन्छ । प्रवचन आयोजना गर्नु सरल, सस्तो र सहज हुन्छ । छोटो समयमा विज्ञहरूबाट धेरै जानकारी हासिल गर्न प्रवचन एउटा महत्त्वपूर्ण माध्यम हो । इको क्लबले अफ्ना सदस्य तथा विद्यालयका अन्य विद्यार्थीहरूका लागि समय-समयमा प्रवचन कार्यक्रमको आयोजना गर्न सक्दछ ।

## विषय छनोट

इको क्लबले सबैभन्दा पहिला प्रवचनको विषय छनोट गर्नुपर्दछ । स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय वा विश्वव्यापी, कुन किसिमको समस्या वा मुद्दा (Issue) माथि प्रवचनको आयोजना गर्ने हो त्यो सबैभन्दा पहिला स्पष्ट हुनुपर्दछ । स्थानीय स्तरमा देखिएका समस्या वा मुद्दाहरू, राष्ट्रिय स्तरमा देखिएका समस्या वा मुद्दाहरूसँग सम्बन्धित जुनसुकै समस्या वा मुद्दा प्रवचनको विषय हुनसक्दछ ।

- फोहोर र प्रदुषण
- वन विनाश, अतिक्रमण
- वन्यजन्तु र मानव सम्बन्ध
- नदी, ताल, पोखरीहरूको संरक्षण
- संरक्षित क्षेत्रको महत्त्व र समस्याहरू
- मानव र प्राकृतिक वातावरणबीचको सम्बन्ध
- भू-अपकर्षण
- मरूभूमीकरण
- रसायनिक मल र किटनाशक औषधिको प्रयोग
- वन्यजन्तुको शिकार र अंगहरूको ओसार-पसार
- वनस्पती, जडिबुटी
- बाढी, पहिरो, खडेरी, खण्डवृष्टि, अतिवृष्टि
- पृथ्वीको बढदो तापमान (Global warming)
- ओजोन विनाश
- साँस्कृतिक सम्पदा (मठमन्दिर, प्राचीनकला, चैत्य, गुम्बा आदि)
- ऐतिहासिक सम्पदाहरू (ऐतिहासिक भवनहरू र ठाउँहरू आदि)

उल्लेखित विषयहरूसँग सम्बन्धित कुनै पनि मुद्दा वा समस्या र अन्य समसामयिक वातावरणीय समस्या वा मुद्दाहरू प्रवचनका विषय हुनसक्दछन् । इको शिक्षकको सल्लाहअनुसार विषय छनोट गर्नुपर्दछ ।

## वक्ता छनोट

प्रवचनको विषय छनोट गरिसकेपछि सो विषयका विज्ञलाई वक्ताको रूपमा छनोट गरी आमन्त्रण गर्नुपर्दछ । विद्यालयमा पढाउने शिक्षक, अनुसन्धाता, वातावरण संरक्षणसम्बन्धी गैर सरकारी संस्थाका विज्ञ, सम्बन्धित सरकारी निकायका कर्मचारी वा विश्व विद्यालयका आध्यापक वा अन्य विज्ञमध्ये जो कोहीलाई वक्ताका रूपमा आमन्त्रण गर्नुपर्दछ । वक्तालाई प्रवचनको

विषय र श्रोताहरूको उमेरसमूह तथा पढाइको तहबारे स्पष्ट जानकारी दिनुपर्दछ । प्रवचन आयोजना हुने दिनभन्दा कम्तिमा एकहप्ता पहिले नै वक्तालाई निमन्त्रणा दिई उनको स्वीकृति लिनुपर्दछ । यसो गर्दा वक्ताले श्रोता अनुकूलको तयारी गर्ने मौका पाउँछन् ।

## स्थान, समय र श्रोता संख्या

प्रवचनका लागि सबैभन्दा उपयुक्त स्थान विद्यालय नै हुन्छ । बस्ने ठाउँको व्यवस्थाअनुसार उपयुक्त हुनेगरी श्रोतासंख्या निर्धारण गर्नुपर्दछ । श्रोताको संख्या साह्रै थोरै र साह्रै धेरै हुनुहुँदैन । वक्ताले बोलेको सबैले सजिलै सुन्ने र श्रोताले बोलेको वक्ताले सजिलै सुन्नसक्ने गरी श्रोतासंख्या निर्धारण गर्नुपर्दछ ।

प्रवचनको समय धेरै लामो हुनुहुँदैन । एउटा प्रवचन एकदेखि बढीमा दुई घण्टाको हुनुपर्दछ । लामो प्रवचन श्रोताका लागि रूचिकर हुँदैन भन्नेतर्फ आयोजकले राम्ररी ध्यान पुऱ्याउन सक्नुपर्दछ ।

## प्रश्नोत्तर

प्रवचन सकिएपछि श्रोताहरूलाई आ-आफ्नो जिज्ञासाहरू वक्तासमक्ष राख्ने मौका दिनुपर्दछ । वक्ताले पनि श्रोताका जिज्ञासाहरूको जवाफ दिनुपर्दछ ।

## विद्यार्थी वक्ता

कहिलेकाहिँ विद्यार्थी नै वक्ता हुनेगरी पनि प्रवचन आयोजना गर्नुपर्दछ । विद्यालयमा माथिल्लो कक्षाका विद्यार्थी वक्ता हुनसक्दछन् । प्रवचनको मिति निर्धारण भएपछि वक्ता विद्यार्थीलाई कम्तिमा एक हप्तासम्म तयारी गर्ने समय दिएर उनलाई प्रवचन गर्न दिनुपर्दछ । यसो गर्दा हरेक विद्यार्थीमा नयाँ विषयका बारे खोजी गर्ने, अध्ययन गर्ने, जानकारी हासिल गर्ने बानीको विकास हुन्छ । विद्यार्थी वक्ताले प्रवचनसँगै तस्वीर, पोस्टर वा अन्य दृश्य सामग्रीको प्रयोगबारे पनि विचार पुऱ्याउनुपर्छ ।

## विद्यार्थी वक्तालाई लाभ

- विद्यार्थीहरूमा कुनै नयाँ विषयमा अध्ययन गर्ने, खोज गर्ने र जानकारी हासिल गर्ने बानी बस्दछ ।
- वक्तृत्वकलाको विकास हुन्छ ।
- आत्मविश्वास बढ्दैजान्छ ।
- आफूले अध्ययन गरेर प्राप्त गरेको ज्ञान अनुभव अरूसँग आदानप्रदान गर्ने बानी बस्छ ।

## प्रवचन कार्यक्रमको फाइदा

- प्रवचन कार्यक्रम छोटो समयमा, कमखर्चमा सहजै आयोजना गर्न सकिन्छ ।
- छोटो समयमा कुनै विषयमाथि धेरै कुराको जानकारी प्राप्त हुन्छ ।
- स्थानीयस्तरमा काम गर्ने विज्ञहरू वक्ताको रूपमा सहजै उपलब्ध हुन्छन् ।

## छलफल, अन्तर्क्रिया

इको क्लबले प्रवचनजस्तै गरी छलफल तथा अन्तर्क्रियाहरू पनि आयोजना गर्न सकिन्छ । कुनै विषयमाथि विज्ञहरूका साथ जिज्ञासाहरू राख्ने समस्याका समाधानहरू खोज्ने, कार्ययोजना बनाउने काम छलफल र अन्तर्क्रियाबाट गर्न सकिन्छ ।

# चरा अवलोकन
# (Bird watch)

हाम्रो वरपर हामी अनकौं जातका चराहरू देख्छौं । चराहरू हाम्रो घरको छाना, आँगन, खेतबारी, बाँसघारी, फलफूलका रूखहरू, बगैंचा, वनजंगल, सिमसार जहाँतहीं देखिन्छन् । हामी बिहान, दिउँसो, बेलुका जुनबेला पनि चराहरू देख्छौं । हाम्रो देशमा भण्डै ८ सय जातका चराहरू पाइने कुरा विज्ञहरूले उल्लेख गरेका छन् ।

हिमाल, पहाड, तराई, भित्री मधेश, उपत्यका, तालतलैया, नदी, सिमसार र अनेक किसिमको भौगोलिक (Geographical) र पारिस्थितिकीय (Ecological) क्षेत्रहरू भएकाले नेपाल चराहरूका लागि निकै प्यारो र उपयुक्त वासस्थानका रूपमा रहँदै आएको छ । कोशीटप्पु वन्यजन्तु आरक्ष, शाही चितवन राष्ट्रिय निकुञ्ज, अरुण उपत्यका लगायतका ठाउँहरू चराको वासस्थानका लागि विश्व प्रसिद्ध मानिन्छन् ।

हाम्रा वरिपरि बस्ने चराहरूको अवलोकन नै चरा अवलोकन हो । चराहरू मानिसका साह्रै नजिकका प्राकृतिक साथी मानिन्छन् । यिनीहरूको वासस्थान, रूपरंग, आनीबानी, चरन शैली, प्रजनन्, मानिससँगको सम्बन्ध आदिका बारेमा चराहरूलाई प्रत्यक्ष हेरेर अध्ययन गर्नुलाई चरा अवलोकन भनिन्छ । चरा अवलोकन चराका बारेमा अध्ययन गर्ने र बुझ्ने अत्यन्त सजिलो तरिका हो । चरा अवलोकनका लागि कुनै विशेष किसिमको योजना र कार्यक्रम बनाइरहनु पनि पर्दैन र टाढा-टाढासम्म जानु पनि पर्दैन । हाम्रै वरपर सजिलैसँग चरा अवलोकन गर्न सकिन्छ ।

इको क्लबका सदस्यहरूले समूह बनाएर चरा अवलोकन गर्नुपर्दछ । अवलोकनमा जाँदा दूरबिन लैजानु आवश्यक हुन्छ । चराहरूलाई नजिकै हेर्न र तिनीहरूलाई बुझ्न सकिदैन । तिनीहरू मानिस देख्नासाथ उड्दछन् । त्यसैले तिनीहरूलाई कुनै किसिमको अवरोध नपुऱ्याई टाढैबाट अवलोकन गर्नुपर्दछ । दूरबिनको सहायताले टाढैबाट चरालाई हेर्नु र उसका बारेमा जानकारी लिनुपर्दछ ।

## अवलोकनको समय

धेरैजसो चराहरू बिहान सबेरैदेखि सक्रिय हुन्छन् । बिहान झुल्केघाममा चराहरू साह्रै रमाउँछन्, खेल्छन् र चर्छन । यसैगरी यिनीहरू बेलुकी पख पनि सक्रिय हुन्छन् । मध्याह्नमा धेरैजसो चराहरू आराम गर्छन, गुँडमा फर्कन्छन्, हावामा तैरिएर माथिमाथि आकाशमा उड्छन् ।

यसैले चरा अवलोकनका लागि बिहान सबेरैदेखि झण्डै दश बजेसम्म र बेलुका तीन बजेउप्रान्त साँझसम्मको समय बढी उपयुक्त हुन्छ । चराहरूको वासस्थान हेरेर दिउँसो पनि चरा अवलोकन गर्न सकिन्छ ।

चराहरू देख्न सकिने जुनसुकै ठाउँमा जुनसुकैबेला अवलोकन गर्न सकिन्छ ।

प्रकृति भ्रमणका अवसरमा पनि चरा अवलोकन गर्न सकिन्छ । तर चराहरूलाई बुझ्न हामीले निरन्तर तिनीहरूको अवलोकन गर्नुपर्छ । चराअवलोकनमा रूची हुने सदस्यहरूले आफ्नो समूह बनाउनुपर्दछ र साप्ताहिक रूपमा तीन-चार घण्टा चरा अवलोकनमा निस्कनुपर्छ ।

चरा अवलोकनका क्रममा देखिएका विभिन्न किसिमका चराहरूका बारेमा टिपोट बनाउनुपर्छ । चराको आकार, प्रकार, रंग, आवाज आदिका बारेमा जे-जति अवालेकन गर्न सकिन्छ त्यस बारेमा टिपोट बनाई चरासम्बन्धी पुस्तक तथा सम्बन्धित विज्ञका सहायताले अवलोकनमा देखिएका चराहरूका बारे जानकारी हासिल गर्नुपर्छ ।

## ध्यानदिनुपर्ने कुराहरू

- चरा अवलोकनमा एकै पटकमा धेरैजना जानु हुँदैन ।
- अवलोकन क्षेत्रमा प्रवेश गरेपछि एक आपसमा कुराकानी गर्ने, हल्ला गर्ने वा चरालाई अवरोध पुऱ्याउने जस्ता कुनै पनि क्रियाकलाप गर्नुहुँदैन् ।
- दुरबिन (Binoculars) सहायकपुस्तक, नोटकपी, पेन्सिल आदि अनिवार्यरूपमा बोक्नुपर्दछ ।



# आजै थालौं

इको क्लबका सदस्यहरूले आफ्नो ज्ञान र सीपलाई दैनिक व्यवहारमा उतार्नु पर्दछ । ज्ञान प्राप्त गरेर वा सीप सिकेर मात्र हुँदैन त्यसलाई व्यवहारमा उतार्न सकियो भने मात्र इको क्लबका हरेक सदस्यले वातावरण संरक्षणमा सघाउ पुऱ्याउन सक्दछ ।

इको क्लबका सदस्यहरूले आफ्ना जीवनशैली र व्यवहारमा ध्यान दिनुपर्छ । आफ्नो जीवन शैली र व्यवहारलाई वातावरण संरक्षणमा सहयोग पुग्ने किसिमले आगाडि बढाउन प्रयास गर्नुपर्छ ।

हाम्रा साधारण दैनिक व्यवहार र आनिबानीबाट पनि वातावरणमा प्रतिकूल प्रभाव परिरहेको हुन्छ । जस्तै: हामी चकलेट, चाउचाउ, बिस्कुट आदि किनेर खान्छौं तर तिनका खोलप्रति हामी चासो राख्तैनौं । जहाँ खायो त्यहीं खोल फ्याक्नु साधारण मान्छौं । हाम्रो यस क्रियाकलापले जातातत‍ै चकलेट, चाउचाउ, बिस्कुट आदि खानेकुराका खोलहरू छरिएका देखिन्छन् ।

यस्तै हामी तरकारी किन्न बजार जाँदा आफ्नो झोला बोकेर जाँदैनौं । प्लाष्टिकका पातला थैलामा सामान लिएर घर फर्कन्छौं । यसो गर्दा दिनदिनै घरमा प्लाष्टिकका पुराना थैलाहरू जम्मा हुन्छन् । तिनीहरू मलखाडीमा फ्याँकिएको वा यत्रतत्र छरिएको देखिन्छ । यसले वातावरणमा असर पार्ने त छँदैछ त्यसका अतिरिक्त घर अशोभनीय र फोहर देखिन्छ । यस्ता क्रियाकलाप सामान्य आनिबानीका कुरा हुन् । हाम्रा यस्ता आनिबानीहरू सुधारेर वातावरण संरक्षणमा सघाउ पुऱ्याउन सक्छौं । यस्ता केही उदारहणहरू हेरौं - तिनमाथि चिन्तन गरौं र वातावरण संरक्षणमा सघाउ पुऱ्याऔं ।

## १. पानीको बचाउ :

हामी घरमा दाँत माझ्दा, नुहाउँदा, दारी खौरदा, लुगा धुँदा पानीको धारा खोल्छौं । र, यी कामहरू गरिरहँदा धारामा पानी बगिरहेको छ कि भन्ने कुरामा वास्ता गरिरहेका हुँदैनौं । दाँत माझिरहँदा धारा खुल्ला हुन आवश्यक हुँदैन । ब्रस भिजाउन खोलेको धारो दाँत माझिरहँदासम्म खुल्ला रहयो भने धेरै पानी विनाकाम बगेर जान्छ ।

यस्तै नुहाउँदा, लुगा धूँदा वा अरू काम गर्दा पनि यस्तै अवस्था आउँछ । यस्तो अवस्थामा आवश्यक पर्दा धारो खोल्ने र आवश्यक नपर्दा बन्द राख्ने गरेमा पानीको बचाउन हुन्छ । यसले स्रोतको संरक्षण गर्छ, पानी तान्न प्रयोग हुने विजुलीको खर्च बचत हुन्छ जसले वातावरण संरक्षणमा सहयोग पुऱ्याउँछ ।

## २. बिजुलीको बचाउ

बिजुलीबत्ती भएका घरमा धेरै चीम वा ट्युबलाइट राखिएका हुन्छन् । बिजुलीबाट चल्ने यन्त्रहरू जस्तैः हिटर, रेडियो, टेलिभिजन, पंखा वा अन्य आवश्यक यन्त्रहरू पनि हुन्छन् । गर्मी मौसममा पंखा वा जाडो मौसममा बलिरहेको हिटर कुनै कामले मानिस बाहिर निस्कँदा पनि चालु अवस्थामा छोडिएका हुन्छन् । त्यसतर्फ उति ध्यान पुगिरहेको हुँदैन । यस्तै, कोठामा सुन्ने मानिस नभए पनि रेडियो, टेलिभिजन खुल्लै छोडिन्छन्, बस्ने मान्छे नभए पनि बत्ती बलिरहेको हुन्छ । यस्ता कुरालाई हामी स-साना ठानेर बेवास्ता गर्छौं तर त्यसबाट एकातिर बिजुलीको खर्च बढिरहेको हुन्छ भने अर्कातिर ती यन्त्रबाट हुने हानी पनि बढिरहेको हुन्छ, यसतर्फ पनि ध्यान दिनुपर्दछ ।

## ३. इन्धन बचतः

घरमा मट्टीतेल वा ग्याँसमा खाना बनाउँदा पनि विशेष ध्यान पुऱ्याउनुपर्छ । जति ठूलो ज्वाला बाल्यो उति चाँडो खान पाक्छ तर खाने कुरा उम्लिसकेपछि पहिलेको जति ज्वाला आवश्यक पर्दैन । दाल उम्लिसकेपछि ठिक्क उम्लिरहने गरी मात्र आगोको ज्वाला राखे पनि उत्तिकै समयमा दाल पाक्छ । तर त्यतातिर ध्यान पुगेको हुँदैन । त्यस्तै, खुल्ला भाँडोको सट्टा प्रेसर कुकरमा खाना बनाउँदा झण्डै ५० प्रतिशत समय र इन्धन बचत गर्न सकिन्छ ।

## ४. प्रदुषण घटाऔं

मोटर, कार, मोटरसाइकल आदि यातायातका साधन मानिसका लागि अत्यावश्यक भइसकेका छन् । आफ्नै सवारीसाधन राख्ने प्रचलन पनि धेरै बढेको छ । सवारीसधानको बढ्दो संख्याले प्रदूषण पनि बढाउँदै लगेको छ । यसले हाम्रो वातावरणमा असर पार्दछ । सम्भव भएसम्म साइकल वा सार्वजनिक सवारीसाधनको प्रयोग गर्ने बानी बसाल्दा प्रदूषण कम गर्नमा सघाउ पुग्दछ । अत्यावश्यक बाहेकको अवस्थामा निजी सवारीसाधन प्रयोग नगर्ने तर्फ इको क्लबका सदस्यहरूले ध्यान दिनुपर्छ ।

## ५. घरबाटै झोला बोकौं

बजारमा किनेमेल गर्न जाँदा आफ्नै झोला लिएर जाने बानी बसालौं । घरैबाट कपडा वा जुटको झोला लगेर सामान किनौं । यसो गर्दा घरमा प्लाष्टिकका झोलाहरू जम्मा हुँदैनन् । यसले प्लाष्टिकको प्रयोग घटाउँछ र त्यसबाट हुने प्रदूषण पनि कम हुन्छ ।

# प्रतियोगिता

इको क्लबले आफ्ना क्रियाकलापमा विभिन्न किसिमका प्रतियोगिताहरू पनि समावेश गर्न सक्दछ । विद्यार्थीहरूमा अनेक प्रतिभाहरू हुन्छन् । ती प्रतिभाहरू वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि गर्न उपयोगी हुनसक्छन् । यस्ता प्रतियोगितामा हाजिरीजवाफ, वादविवाद, वक्तृत्व, चित्रकला, कविता लेखन, निवन्ध लेखन, कथा लेखन आदि हुनसक्छन् । वातावरण र प्रकृतिसँग सम्बन्धित विषयहरूलाई समेटेर उपर्युक्त प्रतियोगिताहरूको आयोजना गर्नुपर्दछ ।

विद्यालयले पनि अतिरिक्त क्रियाकलाप अन्तर्गत यस किसिमका प्रतियोगिताहरू सञ्चालन गर्दछ । इको क्लबले विद्यालयमा छुट्टै तरीकाले यस्ता प्रतियोगिताहरू सञ्चालन गर्न कठिनाइ उत्पन्न हुनसक्दछ । यस अवस्थामा इको शिक्षकले प्रधानाध्यापकसँग सल्लाह गरेर विद्यालयको नियमित अतिरिक्त क्रियाकलापमा वातावरण र प्रकृतिसम्बन्धी विषयलाई समेट्नु पर्दछ । यसो गर्दा विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको थप भार पर्दैन ।

यस्ता प्रतियोगिताहरू सञ्चालन गर्दा बन्द (Indoor) र खुल्ला (Outdoor) रूपमा गर्न सकिन्छ । विद्यालय हाताभित्रै कक्षा कोठा वा विद्यालयको चउरमा बसेर सञ्चालन गरिने प्रतियोगिताहरू यहाँ बन्द (Indoor) र कुनै प्रकृतिक क्षेत्रको खुल्ला वातावरणमा सञ्चालन गरिने प्रतियोगिताहरूलाई खुल्ला (Outdor) भनिएको हो ।

## बन्द ठाउँका (Indoor) प्रतियोगिताहरू

छोटो समयमा वा अरू कुनै कारणले बाहिर जान सम्भव भएन भने विद्यालय हातामै प्रतियोगिताहरू सञ्चालन गर्नुपर्दछ । यस्तो प्रतियोगिता छोटो समयमा र थोरै खर्चमा सञ्चालन गर्न सकिन्छ । विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूले प्रतियोगितामा सहभागी श्रोता वा दर्शकका रूपमा भाग लिन पाउँछन् । प्रधानाध्यापक, इको शिक्षक र इको क्लबका पदाधिकारी विद्यार्थीहरूले एकएकवटा कामको जिम्मा लिएर प्रतियोगिताको आयोजना गर्नुपर्दछ । यसोगर्दा कोही एक दुईजनालाई मात्र कामको भार पनि पर्दैन, विद्यार्थीहरूले पनि काम सिक्ने मौका पाउँछन् ।

## खुल्ला ठाउँका (Outdoor) प्रतियोगिताहरू

सामान्यतया यस्ता प्रतियोगिताहरू विद्यालयमै आयोजना हुन्छन् । कक्षाकोठा वा विद्यालयको चउर जहाँ पनि सुविधाअनुसार सञ्चालन गर्न सकिन्छ । तर वातावरण

संरक्षणसम्बन्धी विषयमा आयोजना हुने प्रतियोगिताहरू कुनै प्राकृतिक क्षेत्रमा गएर पनि सञ्चालन गर्न सकिन्छ । जस्तै : चित्रकला प्रतियोगिता सञ्चालन गर्नु छ भने कुनै जंगल वा पार्कमा जान सकिन्छ । विद्यालय हातामा त्यस्तो प्रतियोगिता सञ्चालन गर्दा छोटो समयमा गर्नसकिन्छ । यसमा खर्च पनि कम लाग्छ । तर, प्रतियोगीहरूले सधैं एकै ठाउँमा बसेर प्रतियोगितामा भाग लिँदा नवीनता अनुभव गर्दैनन् । यसकारणले गर्दा चित्रकला, निबन्ध लेखन, कविता लेखन आदि प्रतियोगिताका लागि कतिपय विद्यालयले विद्यार्थीहरूलाई खुल्ला प्राकृतिक वातावरणमा आफ्नै खुसीले बसेर प्रतिभा देखाउने मौका दिन्छन् ।

इको क्लबका विद्यार्थीलाई पनि यस्तो मौका प्रदान गर्नेतर्फ इको शिक्षक वा प्रधानाध्यापकले सहयोग पुर्‍याउन सक्छन् ।



*'फ्रेण्ड्स अफ द जु' द्वारा सदर चिडियाखाना जाउलाखेलमा आयोजित अन्तरविद्यालय चित्रकला प्रतियोगितामा सहभागी विद्यार्थीहरू ।*

# चिडियाखाना भ्रमण

काठमाडौं उपत्यकाका विद्यार्थीहरू चिडियाखाना घुम्न गइरहन्छन् । उपत्यका बाहिरबाट शैक्षिक भ्रमणमा आउने वा आफ्नो काम विशेषले आउने मानिसहरू पनि जाउलाखेलमा रहेको चिडियाखाना (सदरचिडियाखाना) घुम्न जान्छन्, काठमाडौं उपत्यकाका धेरैजसो विद्यालयहरूले वर्षेनी विद्यार्थीहरूलाई चिडियाखाना घुमाउन लैजाने गर्छन् ।

चिडियाखानामा अनेक किसिमका जनावर र चराचुरुङ्गीहरू राखिएका हुन्छन् । जनावरहरूलाई खोरमा राखेर उनीहरूका क्रियाकलापहरू हेरेर मनोरञ्जन लिने उद्देश्यले चिडियाखानाको सुरुवात भएको भए पनि अहिले चिडियाखानालाई मनोरञ्जनस्थलका अतिरिक्त वन्यजन्तु शिक्षा केन्द्रका रूपमा पनि लिन थालिएको छ । नेपालको सदर चिडियाखानालाई पनि मनोरञ्जनका अतिरिक्त वन्यजन्तु शिक्षा केन्द्रका रूपमा उपयोग गर्न थालिएको छ ।

तर, मानिसहरू समान्यतया मनोरञ्जनकै लागि चिडियाखाना जाने गर्छन । विद्यार्थीहरूले पनि प्राय:जसो चिडियाखानालाई मनोरञ्जनस्थलका रूपमै लिएका हुन्छन् । चिडियाखानामा अनेक किसिमका जीवजन्तुहरूलाई नजिकबाट अवलोकन गर्न सकिन्छ । जंगलमा गएर हेर्न नसकिने, नभेटाइने, अनेक हिंस्रक जनावरहरू पनि चिडियाखानामा हुन्छन् । त्यसैले चिडियाखानालाई जनावरको आनिबानी, आहार, आकृति, रूपरङ्ग आदि जानकारी प्राप्त गर्ने स्थलका रूपमा अवलोकन गर्न सकिन्छ ।

**उद्देश्य** : इको क्लवका विद्यार्थीहरूले मनोरञ्जनका लागि मात्र चिडियाखानाको भ्रमण गर्नुहुँदैन । उनीहरूले भ्रमणलाई उद्देश्यमूलक बनाउनुपर्छ । चिडियाखाना जानुभन्दा पहिले भ्रमणका उद्देश्यहरू स्पष्ट हुनुपर्दछ । त्यहाँ राखिएका जनावरहरूका बारेमा अधिकतम जानकारी हासिल गर्ने उद्देश्य भ्रमणले राखेको हुनुपर्छ । चिडियाखाना भ्रमणबाट निम्न कुराहरूबारे आफैंले नजिकबाट अवलोकन गरेर जानकारी हासिल गर्न सकिन्छ ।

- जनावरको बाहिरी शरीरको रूपरङ्ग, आकार (Physical feature)
- जनावरको आहार (Food Habit)
- प्राकृतिक वासस्थान रहने अनुकूलता (Adaptional feature)
- आनिबानी (Behaviour)

इको क्लबका विद्यार्थीहरूले चिडियाखानामा राखिएका जनावरहरूका बारेमा उपर्युक्त विषयमा जानकारी हासिल गर्ने उद्देश्यले भ्रमण गर्नुपर्छ । यी विषयका अतिरिक्त चिडियाखानामा जनावर व्यवस्थापन, भौतिक सुविधा आदिका बारेमा पनि अवलोकन गरी चिडियाखाना व्यवस्थापनलाई अवाश्यक सुझाव दिन सकिन्छ ।

**योजना** : भ्रमणमा जानुभन्दा पहिले इको शिक्षकको सहयोगमा भ्रमण योजना बनाउनुपर्दछ । विद्यार्थीको संख्या, भ्रमण सुरु गर्ने समय, भ्रमणको अवधि, प्रवेश शुल्कलगायत अन्य खर्च, जनावरको अवलोकन आदिका बारेमा पहिले नै स्पष्ट हुनुपर्छ । विद्यार्थीहरूको संख्याका आधारमा शिक्षकहरूको संख्या पनि निर्धारण हुनुपर्छ । भ्रमणलाई बढी भन्दा बढी उद्देश्यमूलक र उपलब्धिमूलक बनाउन प्रयास हुनुपर्छ । पहिले नै बनाइएको स्पष्ट उद्देश्यसहितको योजनाले भ्रमणलाई उपलब्धिमूलक बनाउन सघाउ पुऱ्याउँछ । इको क्लबका विद्यार्थीहरू चिडियाखाना जानुभन्दा करिब एकहप्ताअगाडि भ्रमणका उद्देश्य र विद्यार्थीसंख्या स्पष्ट उल्लेख गरी चिडियाखाना व्यवस्था वा शिक्षा इकाइमा लिखित जानकारी गराउनुपर्छ । यसो गर्दा चिडियाखानाको 'शिक्षा इकाइ' बाट आवश्यक सहयोग प्राप्त गर्न सजिलो हुन्छ ।

**चिडियाखाना प्रवेश गरेपछि** : आवश्यक शुल्क बुझाएर चिडियाखाना प्रवेश गरेपछि सबैभन्दा पहिले चिडियाखानाको 'शिक्षा इकाइ' मा सम्पर्क राख्नुपर्छ । भ्रमणबारे पहिले नै जानकारी दिइसकेको छ भने शिक्षा इकाइले सहयोगका लागि आवश्यक तयारी पनि गरेको हुन्छ ।

सदर चिडियाखाना जाउलाखेलले विद्यार्थीहरूका लागि 'फ्रेण्ड्स अफ द जु' कार्यक्रम अन्तर्गत 'वन्यजन्तु शिक्षा कार्यक्रम' पनि सञ्चालन गर्दै आइरहेको छ । चिडियाखानाको 'शिक्षा इकाइ' बाट जनावरका बारेमा अवश्यक जानकारी प्राप्त गर्न सकिन्छ ।

## अवलोकन

चिडियाखाना भित्र प्रवेश गरेपछि विद्यार्थीहरूले आफूहरूलाई समूहमा विभाजन गर्नुपर्छ । एउटा समूहमा बढीमा पाँचजना विद्यार्थीहरू रहनुपर्छ । हरेक समूहले कुन-कुन जनावरको अवलोकन गर्ने हो त्यो स्पष्ट गर्नुपर्छ । चिडियाखानामा कुनकुन जातका जनावरहरू छन् भन्नेबारे पहिले नै जानकारी लिइएको छ भने अवलोकनमा जान सजिलो पर्छ ।

प्रत्येक विद्यार्थीले आफूसँग कपी-कलम लिएको हुनुपर्छ । सामान्यतया चिडियाखानामा सबै जनावर हेरिने र तिनको अवलोकन गरिने भए पनि इको क्लबका विद्यार्थीहरूले भने अवलोकन प्रतिवेदन तयार पार्नुपर्ने भएकाले अवलोकनमा विशेष ध्यान दिनुपर्छ । सबै विद्यार्थीले चिडियाखानामा रहेका सबै जनावरका बारे अवलोकन प्रतिवेदन बनाउन व्यवहारिक नहुने भएकाले समूहमा विभाजन भएर एउटा समूहले एकपटकमा एक वा दुई किसिमका जनावरबारे मात्र प्रतिवेदन तयार गर्नुपर्छ ।

## अवलोकन प्रतिवेदन

प्रत्येक समूहले आफूले प्रतिवेदन तयार पार्न लागेको जनावरका बारेमा अधिकतम जानकारी लिनुपर्छ । त्यस जनावरको नाम,

जात, रूपरङ्ग, आकृति, प्राकृतिक गुण, खाना, आनिबानी, अनुकूलता आदिका बारेमा प्रत्यक्ष अवलोकनबाट जनकारी लिई प्रतिवेदन तयार गर्नुपर्छ ।

प्रतिवेदनमा चिडियाखानामा जनावरको व्यवस्थापन कसरी भइरहेछ भन्नेबारे पनि उल्लेख गर्नुपर्छ । प्रतिवेदनमा आवश्यक तस्वीर र रेखाचित्र पनि प्रयोग गर्न सकिन्छ । भ्रमणबाट फर्किएपछि एक-दुई दिनको समय लिएर प्रतिवेदन तयार गर्नुपर्छ । प्रतिवेदन तयार भएपछि एकआपसमा बसेर छलफल तथा अन्तर्क्रिया गर्नुपर्छ ।

## आचारसंहिता

चिडियाखानाको भ्रमण गर्दा त्यहाँको आचारसंहिता (Code of Conduct) पालन गर्नुपर्छ । चिडियाखाना व्यवस्थापनले निश्चित आचारसंहिता बनाएको हुन्छ । भ्रमण सुरु गर्नुभन्दा पहिले विद्यार्थीहरूले आचारसंहिताबारे जानकारी लिनुपर्छ । विद्यार्थीहरूले अनुशासित भएर भ्रमण पूरा गर्नेतर्फ पूर्ण सतर्कता अपनाउनुपर्छ । सामान्यतया चिडियाखाना भ्रमण गर्दा निम्न आचारसंहिता पालना गर्नुपर्छ ।

- ठूलो आवाज निकालेर कराउनु वा हो-हल्ला गर्नुहुँदैन,
- जनावरहरूलाई कुनै किसिमको खानेकुरा दिनुहुँदैन,
- जनावरलाई जिस्क्याउने, लट्ठीले घोच्ने वा छुने गर्नुहुँदैन,
- जनावरको ध्यानाकर्षण गर्ने उद्देश्यले खोरभित्र ढुङ्गा फ्याक्ने जनावरलाई हिर्काउने वा बोलाउने, कराउने गर्नुहुँदैन र
- चिडियाखानाभित्र कुनै किसिमको फोहोर गर्नुहुँदैन ।



# समाचार अवलोकन र भित्ते पत्रिका

## समाचार अवलोकन

वर्तमान युगमा सञ्चारमाध्यमहरू जनचेतना अभिवृद्धि गर्नमा निकै सशक्त माध्यम बनेका छन् । विद्युतीय संचारमाध्यमहरू (रेडियो, टेलिभिजन) तथा छापा संचारमाध्यम (अखबार तथा अन्य पत्रपत्रिका) ले अहिले राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाहरूका अतिरिक्त वन, वन्यजन्तु, प्रदूषण, स्वास्थ्य, वातावरण तथा प्रकृति संरक्षणलगायतका अनेक विषयमा समाचार, लेख, अनुसन्धान प्रतिवेदन आदि प्रसारित तथा प्रकाशित गर्ने गर्दछन् ।

संचारमाध्यहरूबाट हामीहरू धेरै किसिमका ज्ञान आर्जन गर्न सक्दछौं । घटनाहरूका बारेमा तत्काल जानकारी लिन सक्दछौं । वातावरण तथा प्रकृति संरक्षणका क्षेत्रमा देश-विदेशमा भइरहेका प्रगति, निर्णय तथा अनुकरणीय कामहरूबारे अखबार तथा पत्रपत्रिकाहरूले प्राथमिकताका साथ समाचार छाप्ने गरेका छन् ।

नेपालबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरूले हरेक दिन वातावरणसम्बन्धी कुनै न कुनै समाचार प्रकाशित गरेका हुन्छन् । यी समाचारहरू पढ्ने, तिनीहरूलाई अखबारहरूबाट काटेर जम्मा गर्ने र आवश्यकता अनुसार प्रयोग गर्ने कामलाई यहाँ समाचार अवलोकन (News Watch) भनिएको हो ।

विद्युतीय सञ्चारमाध्यमबाट प्रसारित समाचारसामग्रीहरू एकपटक सुनेपछि साधारण श्रोताहरूले पुनः त्यसलाई उपयोग गर्ने अवस्था रहँदैन । तर अखबार तथा अन्य पत्रपत्रिकाहरूमा प्रकाशित समाचार तथा अरू सामग्री एकपटक पढिसकेपछि पुनः उपयोग गर्न सकिन्छ । इको क्बलले यस्ता समाचार तथा सामग्रीहरूलाई समाचार अवलोकन (News Watch) कार्यक्रमअन्तर्गत उपयोग गर्नुपर्दछ ।

त्यस्ता समाचार सामग्रीहरू विद्यालयका सबै विद्यार्थीहरू तथा शिक्षकहरूका लागि उपयोगी हुनसक्छन । यसो गर्न इको क्लबमा वा विद्यालयमा आउने पत्रपत्रिका, घरमा आउने पत्रपत्रिका वा पढिसकेर फ्याँक्न लगिएका पत्रिकाहरूबाट आफूलाई आवश्यक समाचार, लेख, कार्टुन, तस्वीर वा अन्य सामग्रीहरूलाई काटेर छुट्याई समाचार अवलोकन कार्यक्रमका लागि उपयोग गर्नुपर्दछ ।

यसका लागि विद्यालयमा सबैले देख्ने ठाउँमा आवश्यकता अनुसारको नापमा एउटा पाटी (Board) राख्नुपर्दछ । उक्त पाटीलाई 'थमपिन' को सहायताले कागत अड्याउन (टाँस्न) सकिने बनाउनुपर्दछ ।

अखबार तथा पत्रपत्रिकामा प्रकाशित भएका वातावरणसम्बन्धी उपयुक्त समाचार तथा सामग्रीहरूलाई उक्त पाटीमा टाँसेर सबैले

पढ्न सक्ने गरी राख्नुपर्दछ । यसो गर्दा धेरै समाचारहरूबाट छुट्याएर वातावरणसम्बन्धी समाचार तथा सामग्रीहरूलाई एकै ठाउँमा एकैपटक हेर्न सकिन्छ ।

## समाचार अवलोकनका फाइदाहरू

- विद्यार्थीहरूमा वातावरणसम्बन्धी समाचार पढ्ने बानी बस्छ,
- विभिन्न समाचार, लेख, तस्वीर, कार्टुन आदि धेरै विद्यार्थीहरूले एकै ठाउँमा पढ्न, हेर्न पाउँछन्,
- त्यस्ता समाचार तथा सामग्रीहरूबाट नयाँ जानकारी प्राप्त हुन्छ र
- कुनै समस्या वा समसामयिक विषयमा अखबारहरूमा प्रकाशित समाचारहरूलाई तुलना गर्न सकिन्छ ।

## ध्यान दिनुपर्ने कुराहरू

- समाचार अवलोकन कार्यक्रममा हरेक दिन प्रकाशित हुने समाचारमा ध्यान दिनुपर्छ र आफ्नो उद्देश्यअनुरूपको समाचार छुट्याउनुपर्छ,
- ती समाचार तथा अन्य सामग्री लेख, तस्वीर, कार्टुन आदिलाई थमपिनका सहायताले पाटीमा टाँस्नुपर्छ,
- हरेक सामग्रीमा अखबार वा पत्रिकाको नाम र प्रकाशित मिति लेख्नुपर्छ,
- हरेक दिन त्यस्ता समाचार र सामग्रीहरू पाटीमा टाँस्नुपर्छ,
- पाटीमा नअटाउने भएपछि पुरानो समाचार वा सामग्रीलाई नयाँले विस्थापन गर्दै जानुपर्छ र
- हरेक दिनका नयाँ समाचारलाई लहरै मिलाएर पाटीमा टाँस्नुपर्छ ।

## भित्ते पत्रिका

समाचार अवलोकनअन्तर्गत पाटीमा टाँसिएका समाचारहरूसँगै इको क्लबले आफ्नै भित्तेपत्रिका पनि प्रकाशित गर्न सक्तछ । यस्तो भित्ते पत्रिका हातैले लेखेर तयार गर्न सकिन्छ ।

पाक्षिक, मासिक वा उपयुक्त समयावधिमा इको क्लबका विद्यार्थीहरूले इको क्लबका क्रियाकलाप, विद्यार्थीहरूका लेख रचना तथा जानकारीहरू समेटेर नियमितरूपमा एउटा भित्ते पत्रिका निकाल्न सकिन्छ ।

यस्तो भित्ते पत्रिकामा विद्यार्थीहरूका लेख

रचना (कथा, कविता, गीत, चित्र, कार्टुन आदि),वनस्पति, वन्यजन्तु आदिका तस्वीरहरू, जानकारीहरू, इकोक्लबका क्रियाकलापहरू आदि समावेश गर्नुपर्दछ ।

## कामको जिम्मेवारी

समाचार अवलोकन वा भित्ते पत्रिकाका लागि निरन्तरको मेहनत र लगनशीलता आवश्यक पर्दछ । इको क्लबले अफ्ना सदस्यहरूमध्येबाट समाचार अवलोकन समूह र भित्तेपत्रिका समूह बनाउनुपर्दछ ।

यस्तो समूहलाई त्रैमासिक, चौमासिक वा अर्धवार्षिकरूपमा कामको जिम्मेवारी दिनुपर्दछ । यसो गर्दा कामको जिम्मेवारी बाँडिन्छ, कामको बोझ हुँदैन र सबै सदस्यहरूले काम गर्ने मौका पनि पाउँछन् ।




**भानुभक्त मोमोरियल स्कुल, पानीपोखरी, काठमाडौंका विद्यार्थीहरूले तयार पारेको समाचार अवलोकन पाटी।**

# हरित उपहार आदान–प्रदान
# (Green Gift Exchange)

हरित उपहार आदान-प्रदान (Green Gift Exchange) इको क्लबको एउटा महत्त्वपूर्ण क्रियाकलाप हो । प्रत्येक इको क्लब यो क्रियाकलापमा सहभागी हुनुपर्छ । यो अत्यन्त रमाइलो र सहभागितामूलक क्रियाकलाप हो ।

## हरित उपहार भनेको के हो ?

हरित उपहार भनेको एउटा इको क्लबले आफूजस्तै अर्को क्लबलाई उपहारका रूपमा प्रदान गर्नको लागि तयार पारेको एक सामग्री हो । क्लबले आफ्ना सदस्यहरूको सहयोगमा विभिन्न सामग्रीहरूको रोचक संकलन रहेको एक उपहार तयार गर्नुपर्दछ । यस्तो उपहारको सुरक्षित पुलिन्दा बनाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा क्लब आफैंले र अन्तर्राष्ट्रिय रूपमा विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम वा इको क्लब कार्यक्रममा संलग्न गैरसरकारी संस्थामार्फत् पठाउन सकिन्छ ।

## हरित उपहार आदानप्रदानको उद्देश्य :

विद्यालयहरूमा इको क्लब गठन गर्ने र संरक्षण क्रियाकलापमा सहभागी हुने कामले अहिले बिस्तारै अन्तर्राष्ट्रिय व्यापकता पाउँदैछ । नेपालमा थुप्रै विद्यायहरूमा इको क्लब गठन भइसकेको छन् । अमेरिका, अस्ट्रेलिया, जापान, थाइल्याण्ड, पाकिस्तान, भारत, भूटान, मलेसिया, हङकङ (चीन) आदि मुलुकहरूमा पनि इको क्लबले व्यापकता पाइरहेको छ । प्राय: सबै मुलुकमा इको क्लबहरूले यस्तै क्रियाकलापहरू सञ्चालन गर्दछन् । यस परिप्रेक्ष्यमा हरित उपहार आदानप्रदानका निम्न उद्देश्यहरू रहेका छन् :

- इको क्लबको क्रियाकलापलाई व्यापकता दिई संरक्षणसम्बन्धी अनुभवहरू आदानप्रदान गर्नु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा क्लबहरूबीच सम्बन्ध स्थापित गर्नु,
- सकेसम्म बढी विद्यार्थीहरूलाई क्लबको क्रियाकलापमा सहभागी हुन प्रेरित गर्नु ।

## हरित उपहार कसरी बनाउने ?

निम्नअनुसार सामग्रीहरू संकलन गरेर हरित उपहार तयार गर्न सकिन्छ :

- स्थानीय र राष्ट्रियरूपमा प्राकृतिक वातावरणको परिचय दिने खालका चित्रकला र फोटोहरू,
- प्राकृतिक वातावरणसँग प्रत्यक्ष

सरोकार राख्ने खालका सांस्कृतिक क्रियाकलापहरूको परिचय दिने खालका चित्रकला र फोटोहरू,

- वन्यजन्तु, चराचुरूङ्गी र वनस्पतिका चित्रकला तथा फोटोहरू,
- साँस्कृतिक सम्पदाका चित्रकला र फोटोहरू,
- कुनै प्राकृतिक वातावरण, वन्यजन्तु, चराचुरूङ्गी तथा प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको परिचय दिने खालका छोटा लेख रचनाहरू,
- संरक्षित र रैथाने वन्यजन्तु, चराचुरूङ्गी, जलचर, किटपतङ्ग र वनस्पतिका चित्र वा फोटोहरू र तिनको संक्षिप्त परिचय दिने लेख,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका प्राकृतिक सम्पदा र स्थलहरूको परिचय दिने चित्रकला, फोटो, र संक्षिप्त लेख,
- विभिन्न अवसरमा प्रकाशित हुने पोष्टर, पर्चा, पम्पलेट आदि ।

उपयुक्त मध्ये केही वा सबै अथवा यस्तै किसिमका सामग्रीहरूको संकलनबाट हरित उपहार तयार गर्नुपर्दछ । हरित उपहारको हरेक संकलनमा सो तयार गर्ने विद्यार्थीहरूको फोटो, ठेगाना र परिचय पनि समावेश गर्न सकिन्छ ।

## ध्यान दिनुपर्ने कुराहरू

यो एक संक्षिप्त उपहार हो । यो तयार गर्दा निम्न कुराहरूमा गम्भीरतापूर्वक ध्यान पुऱ्याउनु पर्दछ :

- यो उपहार हुलाक पुलिन्दाको रूपमा पठाउन सकिने हलुका हुनुपर्दछ,
- उपहार बनाउँदा प्रयोग गरिने सबै सामग्रीहरू वातावरणमैत्री हुनुपर्दछ,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले ओसारपसार र बिक्रीवितरणमा प्रतिबन्ध लगाएका वन्यजन्तु र वनस्पतिसँग सम्बन्धित कुनै पनि सामग्रीहरू उपहारमा प्रयोग गर्नुहँदैन,
- आर्थिकरूपमा सकेसम्म सस्तो र विद्यार्थीहरू तथा क्लबमाथि अतिरिक्त भार नपर्ने किसिमको हुनुपर्दछ,
- राष्ट्रियरूपमा पठाइने उपहारमा स्थानीय र राष्ट्रिय विषयलाई र अन्तर्राष्ट्रिय रूपमा पठाइने उपहारमा अन्तर्राष्ट्रिय महत्त्वका विषयलाई बढी प्राथमिकता दिनुपर्दछ र
- अन्तर्राष्ट्रिय रूपमा पठाइने उपहारमा अंग्रेजी भाषा प्रयोग गर्दा सबैले बुझ्न सक्छन्, साथमा रैथाने भाषा र लिपिमा पनि लेख र नामहरू लेखियो भने उपहार सामग्री रोचक बन्दछ ।

यसरी तयार गरिएको सामग्री अर्को क्लबलाई उपहारको रूपमा पठाउनुपर्दछ । हुलाक वा अन्य द्रुत सेवाबाट पठाइने सामग्री सोहीअनुरूप हलुका हुनुपर्दछ भने आफूहरूले

नै पुऱ्याउने गरी तयार गरिएको उपहार सामग्रीको तौल सुविधाअनुसार हुनसक्तछ ।

### हरित उपहार प्राप्त भए पछि के गर्ने ?

अर्को कुनै क्लबबाट हरित उपहार प्राप्त भएपछि त्यसलाई सुरक्षित रूपले राख्नुपर्दछ । यसमा भएका सामग्रीहरू केही समय क्लबका सबै सदस्यहरूका लागि प्रदर्शनीमा राख्नुपर्दछ । कुन क्लबबाट कुन मितिमा के-के सामग्री भएको हरित उपहार प्राप्त भयो र आफ्नो क्लबले कुन क्लबलाई कुन मितिमा उपहार पठायो भने कुराको विवरण वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्छ । कुनै क्लबबाट उपहार प्राप्त भएपछि आफूले पनि धन्यवादसहित एक उपहार पठाउनुपर्छ । क्लबलाई प्राप्त भएको उपहार क्लबको कोठा वा विद्यालयको कार्यालयमा राख्न सकिन्छ ।

---

# प्रदर्शनी
# (Exhibition)

इको क्लबले एक वर्षको अवधिमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछ । विभिन्न आयोजनाहरू सञ्चालन गर्दछ । यसरी कार्यक्रमहरू र आयोजनाहरू सञ्चालन गर्दा विद्यार्थीहरूले गरेका काम र उपलब्धिका प्रतिवेदनहरू, हस्तकला र चित्रकलाका सामग्रीहरू, तस्वीरहरू, कार्टुनहरू, स्लाइडहरू र यस्तै अन्य सान्दर्भिक सामग्रीहरू तयार हुन्छन् । इको क्लबले विशेष अवसर पारेर यस्ता सामग्रीहरूको प्रदर्शनी आयोजना गर्नुपर्दछ ।

### प्रदर्शनीको उद्देश्य

- इको क्लबका सदस्यहरूले गरेका कामबारे शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय बासिन्दहरूलाई जानकारी गराउनु,
- इको क्लबमा जनसहभागिता बढाउनु,

### प्रदर्शनीको आयोजना

इको क्लबले आयोजना गर्ने प्रदर्शनी ठूलो हुँदैन, सानो र छोटो अवधिको हुन्छ । तर इको क्लबले वातावरण संरक्षणमा महान् काम गरेको हुन्छ । यस सम्बन्धमा सबैलाई जानकारी गराउनु इको क्लबको प्रमुख कर्तव्य हो । त्यसै कारणले वर्षमा एकपटक एउटा प्रदर्शनीको आयोजना गर्नुपर्छ भनिएको हो ।

यस्तो प्रदर्शनी हरेक इको क्लबले आ-आफ्नो विद्यालयमा गर्न सक्छन् । तर वरिपरिका विद्यालयहरूमा रहेका सबै इको

क्लबहरू मिलेर एउटा संयुक्त प्रदर्शनीको आयोजना गर्दा त्यसको महत्त्व बढ्छ । इको क्लबहरूले एक आपसमा आफ्ना क्रियाकलापका अनुभवहरू आदानप्रदान गर्न मौका पाउँछन् ।

यस्तो प्रदर्शनीमा इको क्लबहरूले विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी संघसंस्था स्थानीय चन्दादाता तथा सहयोगीहरू, सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरू आदिलाई निमन्त्रणा गर्नुपर्दछ ।

प्रदर्शनीमा इको क्लबले गरेका कामबारे जानकारी दिने तथा वातावरण संरक्षणमा जनचेतना अभिवृद्धि गर्न सघाउ पुऱ्याउने जुनसुकै सामग्रीहरू राख्न सकिन्छ । जस्तै :

- विद्यार्थीहरूले पूरा गरेका आयोजनाका प्रतिवेदनहरू,
- स्थानीय वातावरणीय अवस्था झल्काउने तस्वीरहरू,
- विद्यार्थीहरूले तयार पारेका चित्रकला, तथा हस्ताकलाका सामग्रीहरू,
- इको क्लबले प्राप्त गरेका पुरस्कार तथा प्रशंसा पत्रहरू,
- विद्यार्थीहरूले तयार पारेका वा क्लबलाई प्राप्त भएका स्लाइड वा भिडियो चित्रहरू,
- विद्यार्थीहरूले बनाएका र अन्य सान्दर्भिक कार्टुनहरू,
- इको क्लबलाई प्राप्त भएका पुस्तक, पत्रपत्रिका तथा अन्य सान्दर्भिक सामग्रीहरू,
- इको क्लबलाई सहयोग गर्ने संघसंस्था तथा स्थानीय चन्दादाताको नामावली,
- स्थानीय वनजंगलमा पाइने बोटबिरुवा, वन्यजन्तु आदिका तस्वीर तथा चित्रहरू,
- इको क्लबको समाचार अवलोकन पाटी तथा भित्ते पत्रिका र
- इको क्लबले वर्षभरिमा गरेका कामबारे जानकारी दिने सामग्रीहरू इत्यादि ।

उपयुक्त सामग्रीहरूका अतिरिक्त इको क्लब र वातावरण शिक्षासम्बन्धी सान्दर्भिक जनुसुकै सामग्री प्रदर्शनीमा राख्न सकिन्छ । यस्तो प्रदर्शनी विद्यालयको वार्षिकोत्सव, विश्व वातावरण दिवस, शिक्षा दिवस, बाल दिवस वा अन्य यस्तै अवसर पारेर आयोजना गर्न सकिन्छ ।

प्राय:जसो विश्व वातावरण दिवसका अवसरमा काठमाडौंमा वातावरण प्रदर्शनीको आयोजना हुने गर्छ । यसमा धेरै सरकारी तथा गैरसरकारी संस्थाहरूले भाग लिने गर्दछन् । यस्तो प्रदर्शनीमा इको क्लबहरूले पनि आफ्नो प्रदर्शनी कक्ष राख्न सक्तछन् ।

# एक विद्यालय एक सम्पदा

नेपाल सम्पदा संघले सुरुगरेको 'एक विद्यालय एक सम्पदा' विद्यार्थीहरूका लागि एउटा महत्त्वपूर्ण र चाखलाग्दो कार्यक्रम हो । यो कार्यक्रम काठमाडौं उपत्यकामा सञ्चालित छ ।

काठमाडौं उपत्यका प्राकृतिक र साँकृतिक सम्पदाहरूले निकै प्रसिद्ध छ । मठ-मन्दिर, पाटीपौवा, पोखरी, धारा आदि अनेक किसिमका मानवनिर्मित सम्पदाहरूले काठमाडौं उपत्यका धनी छ । काठमाडौं उपत्यका मन्दिरै मन्दिरको शहर हो भन्ने भनाइ त प्रसिद्ध नै छ । हजारौं वर्षअगाडि देखिका वास्तुकला र प्रस्तरकलाले सजिएका मठ-मन्दिर, ऐतिहासिक र साँस्कृतिक भवनहरूले काठमाडौं उपत्यकालाई धनी बनाएको छ । यहाँका साँस्कृतिक सम्पदाहरू त्यतिकै महत्त्वपूर्ण छन् । ती सम्पदाहरूको संरक्षण गरी भावि सन्ततीका लागि जोगाएर राख्नु अहिलेको पुस्ताको कर्तव्य हो । यही वस्तुतथ्यलाई हृदयङ्गम गरी नेपाल सम्पदा संघले 'एक विद्यालय एक सम्पदा' कार्यक्रम अगाडिसारेको हो ।

काठमाडौं उपत्यकाका हरेक विद्यालय नजिक एक न एक सम्पदाक्षेत्र अवश्य पाइन्छ । विद्यालय नजिकको कुनै एक सम्पदालाई आफ्नो सम्पदाका रूपमा ग्रहण गरी विद्यालयले नै त्यसको हेरचाह र संरक्षण गर्न सहयोग पुऱ्याउने कार्यक्रमलाई 'एक विद्यालय एक सम्पदा' भनिएको हो । विद्यालय नजिकको सम्पदाको हेरचाह र संरक्षणमा विद्यार्थीहको सहभागिता अभिवृद्धि गर्न यो कार्यक्रम उपयोगी हुने आशा राखिएको छ ।

## उद्देश्य

'एक विद्यालय एक सम्पदा' कार्यक्रमका उद्देश्यहरू निम्न रहेका छन् :

- ❒ काठमाडौं उपत्यकाका विद्यालयका विद्यार्थीहरूलाई विद्यालय नजिकको मानवनिर्मित, साँस्कृतिक वा प्राकृतिक सम्पदा ग्रहण गरी त्यसको हेरचाह र संरक्षणमा सहभागी हुन परिचालित गर्नु,
- ❒ प्रत्येक विद्यार्थी दश कक्षामा पुग्दासम्ममा काठमाडौं उपत्यकाको सम्पदासम्बन्धी परम्परागत पेशाको ज्ञान दिलाउनु,

एक विद्यालय एक सम्पदा कार्यक्रमबाट विद्यालयले ग्रहण गरेको सम्पदा क्षेत्रको सरसफाइ, संरक्षण, मर्मतसंभारमा सहयोग पुग्नुका अतिरिक्त विद्यार्थीहरूमा आ-आफ्नो सम्पदा संरक्षणमा सक्रिय रहने बानी बस्ने आशा राखिएको छ ।

नेपाल सम्पदा संघले आगाडि सारेको एक विद्यालय एक सम्पदा कार्यक्रममा अहिले नेपाल सम्पदा संघ, काठमाडौं २०२०, द एक्स्प्लोर नेपाल, काठमाडौं महानगरपालिका

र विश्व वन्यजन्तु कोषका इको क्लबहरू संयुक्त रूपमा सहभागी भएका छन् ।

काठमाडौं उपत्यकामा सुरु गरिएको यो अभियान निकै उपलब्धिमूलक देखिएको छ । यो कार्यक्रमको आरम्भमै ३० वटा विद्यालयहरूले एकएक वटा सम्पदाक्षेत्रहरू ग्रहण गरेका थिए । यो कार्यक्रम नेपाल अधिराज्यका सबै विद्यालयहरूका लागि अनुकरणीय हुनसक्छ । नेपाल अधिराज्यका सबैजसो विद्यालय नजिक अवश्य कुनै न कुनै सम्पदाक्षेत्र पर्दछ । त्यस्ता क्षेत्रहरूमध्ये एउटालाई विद्यालयले आफ्नो सम्पदाका रूपमा ग्रहण गरी त्यसको व्यवस्थापन, सरसफाइ, संरक्षण र सुरक्षाका निमित्त इको क्लब सहभागी हुन सक्तछ । त्यस क्षेत्रको संरक्षणमा विद्यालयका विद्यार्थीहरू सहभागी हुनसक्छन् ।

हरेक इको क्लबले एउटा सम्पदाक्षेत्रको हेरचार गर्ने कार्यक्रम बनाई हाम्रा प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षणमा सहभागी बनौं ।



*विद्यालय नजिकको सम्पदाको सरसफाइ गर्दै विद्यार्थीहरू ।*

# वार्षिक प्रतिवेदन

इको क्लबले हरेक वर्ष आफ्नो एक वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । इको क्लबको वार्षिक प्रतिवेदनमा निम्न कुराहरू समावेश भएको हुनुपर्छ ।

- ❒ इको क्लबले वर्षभरिमा सञ्चालन गरेका क्रियाकलापहरूको विवरण र तिनको झलक दिने फोटोहरू ।
- ❒ क्लबको आम्दानी र खर्चको विवरण ।
- ❒ एकवर्षमा क्लबलाई प्राप्त आर्थिक तथा भौतिक सहयोगको विवरण र अन्य सान्दर्भिक विवरणहरू ।

इको क्लबले कार्य समितिका केही सदस्यहरूलाई प्रतिवेदनको मस्यौदा तयार गर्न लगाई समितिको बैठकमा छलफल गरी आवश्यक संशोधन भए सोअनुसार गरी अन्तिम प्रतिवेदन तयार गर्नुपर्छ ।

इको क्लबको यो प्रतिवेदन वार्षिक साधारण सभामा प्रस्तुत गरी पारित गराउनुपर्छ । यस्तो प्रतिवेदन इको क्लबले आफूलाई सहयोग गर्ने सबै संघसंस्थाहरूमा पठाउनुपर्छ ।

## प्रतिवेदनको महत्व

प्रतिवेदन एउटा अभिलेख हो । त्यसमा क्लबले वर्षभरिमा गरेका सबै क्रियाकलापहरूको विवरण समावेश हुने भएकाले यो एउटा स्थायी अभिलेख बन्दछ । यस्ता अभिलेखहरू अध्ययन गरेर इको क्लबका नयाँ कार्यसमितिहरूले काम गर्ने तरिका सिक्तछन् । प्रतिवेदन तयार गर्दा विद्यार्थीमा काम गर्ने बानी र क्षमताको पनि विकास हुन्छ । यसैका लागि प्रतिवेदनको ठूलो महत्व छ ।

इको क्लबले आफ्ना क्रियाकलापहरूको अभिलेख राख्न कहिल्यै अल्छी गर्नुहुँदैन ।

# विश्व वन्यजन्तु कोष (WWF)

विश्ववन्यजन्तु कोष (WWF) एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यो निजी स्तरमा सञ्चालित विश्वको सबैभन्दा ठूलो संरक्षण संस्था हो । यसको स्थापना सन् १९६१ मा भएको हो । यो एक महान् तथा प्रभावकारी प्रकृति संरक्षण संस्था हो । यसको अन्तर्राष्ट्रिय प्रधान कार्यालय स्वीट्जरल्याण्डमा रहेको छ । हालसम्म यस संस्थाका २८ वटा राष्ट्रियस्तरका संघसंगठनहरू क्रियाशील छन् । यस संस्थामा ३१ वटा राष्ट्रिय संस्थाहरू आवद्ध छन् भने ५२ लाखभन्दा बढी नियमित सहयोगीहरू छन् ।

विश्व वन्यजन्तु कोष (WWF) प्रकृति र पर्यावरणीय प्रक्रियाको संरक्षण गर्ने पुनित उद्देश्य राख्तछ । यो उद्देश्य पूरा गर्न विश्व वन्यजन्तु कोष निम्न उपायहरूका साथ क्रियाशील रहेको छ :

- वंशाणु, जीव प्रजाति तथा पर्यावरणीय प्रणालीको विविधताको संरक्षण,
- नवीकरण योग्य प्राकृतिक स्रोतहरूको प्रयोग हाल र दीर्घकालसम्म दिगो हुन सकोस् भन्ने कुराको सुनिश्चितता,
- इन्धन तथा स्रोतको फजुल खर्च र अन्धाधुन्ध उपयोगलाई घटाउने कार्यहरूको प्रर्वद्धन,
- विश्व वन्यजन्तु कोष वैज्ञानिक अनुसन्धानद्वारा प्रमाणित तथ्यहरूका आधारमा आफ्नो नीति र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्दछ । आफ्ना नीति तथा कार्यक्रमहरूको निरन्तर पुनरावलोकन तथा अनुगमन गरी लक्षित उद्देश्यहरू पूरा भए नभएको मूल्यांकन गर्दछ ।

यो संस्था आफ्नो कार्यक्रम लागू गरिने मुलुकका सरकारसित घनिष्ट सम्बन्ध राख्तछ । सम्बन्धित देशका प्रकृति संरक्षणसम्बन्धी गैरसरकारी संस्थाहरूलाई सहयोग प्रदान गर्न एवं ती संस्थाहरूलाई स्रोत सम्पन्न बनाउने कार्यमा सहयोग गर्दछ । वातावरणीय सुधारका लागि यो संस्थाले सम्बन्धित देशका उद्योग वाणिज्य संघहरूलाई पनि सहयोग गर्दै अएको छ ।

## नेपालमा विश्व वन्यजन्तु कोष

नेपालमा विश्व वन्यजन्तु कोषले आफ्नो कामको थालनी सन् १९६७ देखि गरेको हो । त्यसबेला लोप हुन लागेको एकसिङे गैंडा (Rhinoceros unicornis) तथा

पाटे बाघ (Panthera tigris tigris) को संरक्षणमा सहयोग गरेको थियो । नेपाल प्रचुर जैविक विविधता भएको देश भएर पनि क्रमश: यसको विनाश भइरहेकाले यहाँको जैविक विविधता संरक्षणका लागि यस संस्थाले सन् १९८५ देखि अधिराज्यव्यापीरूपमा सरकारी तथा गैरसरकारी संस्थाहरूसँग मिली काम सुरु गर्‍यो । सन् १९९३ मा श्री ५ को सरकार र यो संस्थाबीच एक सम्झौता सम्पन्न भयो जसअनुसार यस संस्थाले नेपालमा एक कार्यालय खोली आफ्ना कार्यक्रमहरूको संयोजन, अनुगमन तथा मूल्यांकन गर्न थाल्यो ।

अनुसन्धान र तालिममूलक कार्यक्रममा प्राथमिकरूपले केन्द्रित भई विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले संरक्षण शिक्षा, संरक्षित क्षेत्र तथा लोप हुने स्थितिमा रहेका प्रजातिहरूको व्यवस्थापन र संस्थागत विकासका लागि आफ्ना कार्यक्रमहरू विस्तार गरेको छ । अहिले यो संस्थाले मानवीय आवश्यकता पूरा गर्नका लागि जैविक विविधता संरक्षणतर्फ आफ्नो कार्यक्रम अगाडि बढाएको छ । यसका लागि यो संस्था संरक्षण र विकास कार्यक्रमहरू एकीकृत रूपमा लैजान प्रोत्साहित गर्दछ ।

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम स्थानीय संस्था तथा व्यक्तिहरूलाई प्रकृति संरक्षणमा प्राथमिकता दिई कार्यक्रमहरू तर्जुमा गर्न प्रोत्साहित गर्दछ । साना अनुदान (Small grant) अन्तर्गत स्थानीय संघसंस्था र व्यक्तिहरूलाई संरक्षण कार्यमा सहयोग प्रदान गर्ने तथा तालिममा सहभागी गराउने कुरामा मद्दत गर्दै आएको छ ।

विश्व वन्यजन्तु कोष यिनै गतिविधिहरूका साथ संरक्षणको क्षेत्रमा सशक्त आवाज उठाउने र कार्यक्रमहरू लागू गर्न सहयोग पुर्‍याउने अग्रणी संस्थाको रूपमा रहेको छ ।

## विश्व वन्यजन्तु कोष र इको क्लब

विश्व वन्यजन्तु कोषले सञ्चालन गर्ने कार्यक्रमहरूमध्ये संरक्षण शिक्षा एउटा प्रमुख कार्यक्रम हो । संरक्षण शिक्षा कार्यक्रम बालबालिकाहरूबाटै सुरु गर्नुपर्दछ र उनीहरूलाई संरक्षण क्रियाकलापमा प्रत्यक्ष सहभागी गराउनुपर्दछ भनेर विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले तदनुसार संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । विश्व वन्यजन्तु कोषले नेपालमा आफ्नो कार्यक्रम सुरु गर्दा देखि नै संरक्षण शिक्षामा जोड दिदै आएको छ । यस संस्थाले हजारौं विद्यार्थी, शिक्षक, युवा तथा विशेषज्ञहरूलाई संरक्षण शिक्षा कार्यक्रममा परिचालित गर्दै आएको छ ।

यही संरक्षण शिक्षा कार्यक्रमअन्तर्गत विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले विद्यार्थीहरूसँग प्रत्यक्ष काम गर्न सन् १९९४ देखि इको क्लबको अवधारणा अघि सारेको हो । त्यस बेला काठमाडौं उपत्यकाका पाँचवटा विद्यालयबाट सुरु भएको इको क्लब हाल अधिराज्यभर ३ सयवटाभन्दा बढी विद्यालयहरूमा फैलिइसकेको छ । यस कार्यक्रममा त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउटलगायत कयौं

गैरसरकारी संस्थाहरू संलग्न छन् ।

इको क्लब प्रवर्द्धन गर्ने उद्देश्यले विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले विभिन्न संघसंस्थाहरूसँग मिलेर काम गर्दै आइरहेको छ । शैक्षिक सामग्रीहरू उत्पादन, सञ्चार माध्यमद्वारा प्रचारप्रसार, गोष्ठी, छलफल, सेमिनार आदि मार्फत् विद्यालयहरूमा इको क्लब प्रवर्द्धन गर्दै यस संस्थाले सहयोग पुऱ्याउँदै आएको छ ।

आगामी पाँच वर्ष अर्थात् सन् २००६ को अन्त्यसम्ममा नेपाल अधिराज्यका कम्तिमा ५ हजार वटा विद्यालयमा इको क्लब गठन गर्ने लक्ष्य यस संस्थाले राखेको छ । यसका लागि विभिन्न संघसंस्थाहरूसँग मिलेर यस संस्थाले काम गरिरहेको छ ।

इको क्लबहरूलाई दिगो तथा व्यवस्थितरूपमा सञ्चालन गर्न यस संस्थाले विभिन्न नीतिहरू पनि बनाएको छ ।

## तथ्याङ्क ब्याङ्क

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले अधिराज्यभरका इको क्लबहरूसम्बन्धी सम्पूर्ण सूचनाहरू एकीकृत गरी एउटा तथ्याङ्क ब्याङ्क (Databank) स्थापना गर्ने भएको छ । यसका लागि आवश्यक सूचना संकलन गर्न कोषले एउटा विवरण फारम तयार गरेको छ *(फारमको नमूना अनुसूचीमा दिइएको छ)*। यो तथ्याङ्क ब्याङ्क तयार भएपछि त्यसलाई 'वेभ साइट' मा पनि राखिने भएको छ ।

विश्व वन्यजन्तु कोषले वार्षिक रूपमा एउटा समारोहको आयोजना गरी अधिराज्यभरबाट उत्कृष्ट ठहरिएको इको क्लबलाई पुरस्कृत पनि गर्ने भएको छ । नेपालमा इको क्लबको अवधारणा विश्व वन्यजन्तु कोषले नै अगाडि सारेको हो । कोषको यो अवधारणाले अहिले व्यापकता पाएको छ ।



***विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमद्वारा सन् २००० मा काठमाडौंमा आयोजित इको क्लब सम्मेलनका अवसरमा निकालिएको ऱ्यालीमा विद्यार्थी सहभागिता ।***

# फ्रेण्ड्स अफ द जु

श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषअन्तर्गत सञ्चालित सदर चिडियाखाना जाउलाखेलले विद्यार्थीहरूका लागि 'फ्रेण्डस अफ द जु' कार्यक्रम सञ्चालन गर्दै आएको छ । सदर चिडियाखानाले 'सार्वजनिक सहभागिता' र 'वातावरण संरक्षण जनचेतना' का लागि यो कार्यक्रम सञ्चलन गरेको हो । यो कार्यक्रम वन्यजन्तु संरक्षणमा चेतना अभिवृद्धि गर्न विद्यार्थीहरूका लागि विशेष रूपले तयार गरिएको कार्यक्रम हो ।

## उद्देश्य

फ्रेण्ड्स अफ द जु कार्यक्रमका उद्देश्यहरू निम्न रहेका छन् :

- फ्रेण्ड्स अफ द जु कार्यक्रमको सदस्यतामार्फत् चिडियाखानाको विकासको प्रक्रियामा सर्वसाधारण मानिसहरूलाई सहभागी गराउनु,
- संरक्षण कार्यक्रमका लागि कोष संकलन गर्नु,
- चिडियाखानामा सञ्चालित कार्यक्रमका लागि स्वयंसेवी सहयोग प्राप्त गर्नु,
- सर्वसाधारण मानिसहरूका लागि वन्यजन्तु संरक्षणमा ज्ञान र अनुभव आदानप्रदान गर्न कार्यक्रम सञ्चालन गर्नु,
- वन्यजन्तु संरक्षणमा विद्यार्थीहरूको सहभागिता गराउनु र चिडियाखानाद्वारा सञ्चालित शिक्षा कार्यक्रमबारे प्रकाश पार्नु ।

## सदस्यता

फ्रेण्ड्स अफ द जु कार्यक्रमअन्तर्गत सदर चिडियाखानाले विद्यार्थीहरू र अन्य सर्वसाधारण मानिसहरूका लागि वार्षिक सदस्यता प्रदान गर्दछ ।

चिडियाखानाको विकास प्रक्रिया र संरक्षण शिक्षा कार्यक्रममा सहभागी हुन इच्छुक विद्यार्थीहरू र अन्य मानिसहरूलाई निश्चित शुल्क लिएर चिडियाखानाले सदस्यता प्रदान गर्दछ । फ्रेण्डस अफ द जु सदस्यले निम्न सुविधाहरू पनि प्राप्त गर्दछ :

- एक वार्षसम्म चिडियाखानामा नि:शुल्क प्रवेश,
- चिडियाखानाको समाचार बुलेटिन नि:शुल्क प्राप्ति,
- फ्रेण्ड्स अफ द जुले सञ्चालन गर्ने विशेष भ्रमणहरूमा सहभागिता,
- स्लाइड प्रदर्शन, भिडियो चित्र प्रदर्शनजस्ता विशेष अवसरमा सहभागिता,
- चिडियाखानाभित्रका पसलहरूमा तोकिएका वस्तुको खरिदमा विशेष छुट,
- चिडियाखानामा डुंगा र न्यापिटङ् खेल तथा हात्ती सवारीमा २०

प्रतिशत छुट,

- क्यामरा प्रवेश नि:शुल्क,
- फ्रेण्ड्स अफ द जु परिचय पत्र,
- काठमाडौं कलरल्याबमा २५ प्रतिशत छुट ।

उपर्युक्त सुविधाका अतिरिक्त फ्रेण्ड्स अफ द जु सदस्यहरूले तोकिएका स्थानहरूमा विभिन्न सेवाहरूमा केही छुट पाउने व्यवस्था पनि सदर चिडियाखानाले गरेको छ ।

## फ्रेण्ड्स अफ द जुले सञ्चालन गर्ने कार्यक्रमहरू

फ्रेण्ड्स अफ द जु कार्यक्रमले फ्रेण्ड्स अफ द जु सदस्यहरू विशेष गरेर विद्यार्थीहरूका लागि नियमितरूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दछ । निवन्ध प्रतियोगिता, वन्यजन्तुबारे हाजिरीजवाफ प्रतियोगिता, चित्रकला तथा रङ्गभर प्रतियोगिता, चिडियाखाना रात्री सवारी, शैक्षिक भ्रमण, चरा अवलोकनजस्ता अनेक कार्यक्रमहरू विद्यार्थीहरूका लागि सञ्चालन गर्ने गरिएको छ ।

## सदस्य संख्या

काठमाडौं उपत्यकाका थुप्रै विद्यार्थीहरूले 'फ्रेण्ड्स अफ द जु' को सदस्यता लिएका छन् । हाल उपत्यकाका ८० वटा विद्यालयबाट झण्डै ८ हजार ३ सय जना विद्यार्थीहरू सदस्य रहेका छन् । सदस्य बन्न इच्छुक विद्यार्थीहरूले सदर चिडियाखानाको शिक्षा इकाइबाट एउटा फारम लिई भरेर बुझाउनुपर्दछ । फारमसँगै निर्धारित शुल्क बुझाएपछि नियम अनुसार सदस्यता प्राप्त हुन्छ ।

## सदर चिडियाखाना जावलाखेल

सदर चिडियाखाना (Central Zoo), जाउलाखेल नेपालको एकमात्र चिडियाखाना हो । यो चिडियाखानाको स्थापना सन् १९३२ मा तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेर जबराले गरेका हुन् । सन् १९५१ को राजनीतिक परिवर्तन पछि सदर चिडियाखानाको स्वामित्व श्री ५ को सरकारले लियो र सन् १९५६ देखि सर्वसाधारणका लागि खुल्ला गरियो ।

हाल यस चिडियाखानाको व्यवस्थापनको जिम्मेवारी एक स्वतन्त्र गैरसरकारी संस्था श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषले लिएको छ । सन् १९९५ डिसेम्बर २९ तारिकका दिन सदर चिडियाखाना श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गरिएको हो । यो चिडियाखाना ६ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

सदर चिडियाखानामा हाल १ सय १८ जातका ७ सय ८८ वटा जनावरहरू रहेका छन् । ती जनावरहरूमा ३१ प्रजातिका २३१ वटा स्तनधारी, ८ प्रजातिका १७ वटा सरीसृप (घस्रने), १९ प्रजातिका २६० वटा माछा र ६० प्रजातिका २८० वटा चरा रहेका छन् । यीमध्ये नेपालबाट लोप हुन लागेका विभिन्न ३८ प्रजातिका १४ वटा जनावर रहेका छन् ।

# वातावरण शिक्षा मञ्च
# (Environmental Education Forum -EE Forum)

त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (Research Centre for Educational innovation and Development -CERID) ले वातावरण शिक्षा मञ्च (EE Forum) सञ्चालन गर्दै आएको छ । यस्तो मञ्च ३० वैशाख २०५८ (१३ मे २००१) देखि सुरु भएको हो । वातावरणीय समस्या, संरक्षण क्रियाकलाप र वातवारण शिक्षाका सम्बन्धमा विद्यालय-विद्यालयबीच समन्वय गरी सामूहिक प्रयास अगाडि बढाउन एउटा साझा संयन्त्रको विकास गर्न सम्बन्धित विज्ञहरूले दिएको सुझावका आधारमा वातावरण शिक्षा मञ्च स्थापना भएको हो ।

**वातावरण शिक्षा मञ्चका उद्देश्यहरू**

- विद्यालय, विश्वविद्यालय, नगरपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायहरूका प्रतिनिधिहरूलाई एउटै मञ्चमा भेला गर्नु,
- वातावरण संरक्षण क्रियाकलापमा सामूहिक सक्रियता बढाउनु,
- सम्बन्धित संघसंस्था र निकायका प्रतिनिधिहरूबीच वातावरण संरक्षण क्रियाकलापका अनुभवहरू आदानप्रदान गर्नु,
- विद्यालय र अरू संस्थाहरूमा इको क्लब स्थापना गर्न संयोजन गर्नु,
- पाठ्यक्रममा आधारित प्रयोगात्मक क्रियाकलाप गर्न विद्यालयहरूलाई सुझाव र सहयोग दिनु ।

नेपाली पात्रोअनुसार हरेक महिनाको पहिलो आइतबार यो मञ्चको आयोजना हुन्छ । मञ्चमा विभिन्न विद्यालय, विश्वविद्यालय र सम्बन्धित संघ-संस्थाका प्रतिनिधिहरू भेला भएर वातावरणीय समस्या वातावरण शिक्षा, संरक्षण क्रियाकलाप आदिका बारेमा छलफल गर्दछन् र अनुभव आदान-प्रदान गर्दछन् ।

सबैभन्दा पहिलो मञ्च ३० वैशाख २०५८ मा शिक्षा विकास तथा अुनसन्धान केन्द्र (CERID) मा भएको थियो । हालसम्म नौ वटा मञ्चहरू सम्पन्न भइसकेका छन् । अर्को मञ्चको आयोजना कसले गर्ने भन्ने कुराको निर्धारण पनि मञ्चमै हुने गर्दछ ।

विभिन्न संघ-संस्था र निकायका प्रतिनिधिहरू एकै थलोमा भेला भएर एक आपसमा छलफल गर्न र अनुभवहरू आदान प्रदान गर्न वातावरण शिक्षामञ्च निकै उपयोगीसिद्ध भएको छ । अहिले यो मञ्च

काठमाडौं उपत्यकामा मात्र सञ्चालित छ । इको क्लब, विद्यालय वा वातावरण संरक्षणसँग सम्बन्धित अरू संघसंस्थाहरूले पनि यस्तै मञ्चको आयोजना गर्न सक्दछन् ।

वातावरण शिक्षा मञ्चको संयोजन त्रिभुवन विश्व विद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्रले गर्दै आएको छ । यससम्बन्धी थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिन्छ :

*प्रा.डा. रूकमिणी वज्राचार्य*
*त्रिभुवन विश्वविद्यालय*
*शिक्षा विकास तथा अनुसन्धान केन्द्र*
*(CERID) त्रिपुरेश्वर, काठमाडौं*
*फोन: २५२९१९ ।*

***यसमा अर्को फोटो आउन बाकी छ।*** *21 april*

***वातावरण शिक्षा मञ्चमा सहभागिताको एक दृश्य।***

# इको क्लब साँझ/इको हेरिटेज क्वीज

रेडियो सगरमाथा (एफ.एम १ सय २ थोप्लो ४ मेगाहर्ज) सन् १९९७ देखि सुरु भएको हो । यो नेपालको पहिलो सामुदायिक रेडियो सेवा हो । यसले वातावरण, मानवअधिकार तथा स्थानीय परम्परा र संस्कृतिसम्बन्धी जानकारीमूलक र चेतनामूलक सामग्रीहरू प्रसारण गर्ने गर्दछ ।

रेडियो सगरमाथाले आफ्नो दैनिक कार्यक्रमहरूमा बालकार्यक्रमलाई पनि समेटेको छ । हरेक साँझ ६ देखि ६:३० बजेसम्म विभिन्न शीर्षकमा दैनिक बालकार्यक्रम प्रसारण हुँदै आएको छ । तीमध्ये हरेक आइतबार र सोमबार इको क्लबसम्बन्धी कार्यक्रम प्रसारण हुने गर्दछ । आइतबारको बालकार्यक्रममा 'इको क्लब साँझ' र सोमबार 'इको हेरिटेज क्वीज' प्रसारण हुन्छ ।

## इको क्लब साँझ

यो कार्यक्रम आइतबार साँझ ६ देखि ६:३० बजेसम्म सञ्चालन हुन्छ । यो कार्यक्रम :

- ❐ वातावरण, प्रकृति, सम्पदा र संस्कृतिसँग सम्बन्धित हुन्छ ।
- ❐ वातावरण संरक्षण, वातावरण शिक्षा तथा वन्यजन्तु संरक्षणसँग सम्बन्धित विज्ञहरूसँगको अन्तर्क्रिया हो,
- ❐ स्कूल इको क्लबको आवाज हो ।

यस कार्यक्रममा इको क्लबका लागि यस्ता सामग्री प्रसारण हुन्छन् M

- ❐ इको प्रश्न,
- ❐ इको समाचार,
- ❐ प्राणीजगत्,
- ❐ गीत,
- ❐ विद्यार्थीहरूका कविता तथा अन्य रचनाहरू,
- ❐ इको क्लबका क्रियाकलापहरू,
- ❐ वातावरण शिक्षा र
- ❐ सामान्य ज्ञान ।

## इको हेरिटेज क्विज

यो कार्यक्रम सोमबार प्रसारण हुन्छ । यो कार्यक्रममा अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता हो । यस प्रतियोगितामा विद्यालयको तर्फबाट विद्यार्थीहरूले भाग लिन्छन् । यस प्रतियोगिताका लागि निम्न क्षेत्रबाट प्रश्नहरू तयार गरिन्छन् :-

- ❐ विश्व सम्पदा सूचीमा रहेका नेपालका सम्पदाहरू,
- ❐ कक्षा ६ देखि १० सम्मको जनसंख्या तथा वातावरण शिक्षा पाठ्यपुस्तक,
- ❐ जीवित सम्पदा (Living heritage),

- छोटकरी नाम र मानव निर्मित सम्पदा (Abbreviation from and built heritage),
- संगीत टुक्रा,
- र्‍यापिड फायर ,

## प्रतियोगिताका चरणहरू

यो हाजिरी जवाफ प्रतियोगिता तीन चरणमा सम्पन्न हुन्छ । पहिलो-क्वार्टरफाइनल चरण, दास्रो-सेमीफाइनल चरण र तेस्रो-फाइनल चरण तथा ग्राण्ड फाइनल । हाजिरी जवाफका यी तीनवटा चरण पूरा हुन जम्मा सात हप्ता लाग्दछ र त्यस अवधिमा १६ वटा विद्यालयका ५६ जना विद्यार्थीले भाग लिन्छन् । इको क्लबका विद्यार्थीहरूले रेडियो सगरमाथामा सम्पर्क गरेर यो प्रतियोगितामा भाग लिन सक्छन् ।

**पत्राचार तथा सम्पर्क ठेगाना**

सहदेव पौडेल/सरोज अर्याल
रेडियो सगरमाथा
पोष्ट बक्स नं. ६९५८, काठमाडौं
बखुण्डोल, ललितपुर नेपाल
टेलिफोन: ५४५६८०, ५४५६८१
फ्याक्स: ५३०२२६
इमेल:
radio@sagarmatha.org
वा
lukamari@radiosagarmatha.org

**"रेडियो सगरमाथा सुनौं र कार्यक्रममा सहभागी बनौं ।"**

# मुना

## (मासिक बालप्रकाशन)

गोरखापत्र संस्थानको मासिक बालप्रकाशन 'मुना' मा हरेक महिना इको क्लबसँग सम्बन्धित सामग्री प्रकाशित हुने गर्दछ । 'मुना' र विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम (WWF Nepal program) को संयुक्त प्रस्तुतिमा प्रकाशित हुने सामग्रीमा इको क्लबका क्रियाकलाप र अन्य जानकारीमूलक सामग्री प्रकाशित हुन्छ ।

विद्यार्थी भाइबहिनीहरूले पठाएको रचना पनि 'मुना' मा प्रकाशित हुन्छ । विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले हरेक इको क्लबमा 'मुना' नि:शुल्क रूपमा पठाउने गरेको छ ।

मुनाले आफ्ना नियमित स्तम्भहरूमा पनि वातावरणसम्बन्धी रचनाहरू प्रकाशित गर्ने गरेको छ । हाम्रो वातावरण, हाम्रो पृथ्वी, विज्ञान आदि स्तम्भहरूमा पनि मुनाले वातावरण र जीव विकाससम्बन्धी रचनाहरू प्रकाशित गर्दछ । इको क्लबका सदस्यहरूले पनि मुना पढेर वातावरणसम्बन्धी जानकारी राख्ने बानी बसालौं ।

**पत्राचार तथा सम्पर्क ठेगाना**

सम्पादक/'मुना'
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं
पो.व.नं. २३
फोन: २२२२६८

**मुना इटरनेमा पनि पढ्न सकिन्छ :-**
Http//www.nepalnews.com.muna

# सम्पदा सन्दुक

नेपाल सम्पदा संघले प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । संघले विद्यार्थीहरूका लागि पनि संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो संघद्वारा विद्यार्थीहरूका लागि सञ्चालित एउटा महत्त्वपूर्ण कार्यक्रम हो–सम्पदा सन्दुक ।

सम्पदा सन्दुक संरक्षण शिक्षा सामग्रीहरू राखिएको एउटा सन्दुक अर्थात बाकस हो । यस्ता सम्पदा सन्दुकहरू काठमाडौं उपत्यकामा पाँच वटा राखिएका छन् । यी सन्दुकहरूमा साँस्कृतिक र प्राकृतिक सम्पदाबारे जानकारी दिने पाठ्यसामग्रीहरू, श्रव्य-दृश्य सामग्रीहरू, विभिन्न वनस्पतिहरूका बीउ, पोष्टर, तस्वीर, हरित उपहार (Green gift) का नमूनाहरूलगायतका सामग्रीहरू राखिएका छन् ।

सम्पदा सन्दुकको सुरुआत विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले २०५७ साल भदौ ५ गतेदेखि सुरु गरेको हो । विद्यालयहरूका लागि वातावरण सम्पदासम्बन्धी शिक्षा सामग्रीको स्रोत उपलब्ध गराउने उद्देश्यले सम्पदा सन्दुक सुरु गरिएको हो । सबै विद्यालयहरूमा यस किसिमका शैक्षिक सामग्रीहरू हुँदैनन् । धेरै विद्यालयहरूमा शैक्षिक सामग्रीको स्रोतको ठूलो अभाव हुन्छ । यस्तो अभावका बीचमा सहयोग पुऱ्याउन पनि सम्पदा सन्दुक सुरु

## नेपाल सम्पदा संघ

**नेपाल सम्पदा संघ** (Nepal Heritage Society) एक गैरसरकारी संस्था हो। नेपालको सांस्कृतिक एवं प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने मुख्य उद्देश्यले २०४० साल जेठमा यस संघको स्थापना भएको हो। यस संघले निम्न उद्देश्यहरू राखेको छ :

- नेपालका सम्पदाको विविधता तथा सम्पन्नताप्रति स्थानीय जनता, आगन्तुक र अन्तर्राष्ट्रिय समुदायको चेतना जगाउने,
- सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने,
- सम्पदाहरूको गुणात्मक विकासका लागि आवश्यक कदम उठाउने,
- प्राकृतिक स्वच्छ वातावरण कायम राख्न जीवनपद्धति एवं शैलीको सुरक्षण तथा गुणात्मक विकास गर्ने,
- सम्पदाहरूको अध्ययन एवं अनुसन्धान गरी संरक्षणको लागि योजना तयारी गरी कार्यान्वयनका लागि प्रचारप्रसार एवं आवश्यक कारबाही गर्ने।

यो संघ विश्व संरक्षण संघ (IUCN) को सदस्य पनि रहेको छ। यस संस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठित महानुभावहरू सदस्य रहनुभएको छ भने विभिन्न संस्थाहरूले संस्थागत सदस्यता पनि प्राप्त गरेका छन् । यस संघको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ।

गरिएको हो ।

सम्पदा सन्दुकको प्रयोग कुनै पनि विद्यालयले गर्नसक्छ । यी सम्पदा सन्दुकहरू विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले नेपाल सम्पदा संघलाई हस्तान्तरण गरेपछि संघले सो कार्यक्रम सञ्चालन गर्दै आएको हो । काठमाडौं उपत्यकामा सन्दुक प्रयोग गर्न इच्छुक इको क्लब वा विद्यालयले नेपाल सम्पदा संघको भद्रकालीस्थित कार्यालयबाट प्राप्त गर्न सक्दछ । सन्दुक लगेर त्यसमा रहेका सामग्रीहरूको प्रयोग गरिसकेपछि पुनः फिर्ता गर्नुपर्दछ । काठमाडौं उपत्यकाका थुप्रै विद्यालयहरूले सम्पदा सन्दुकको प्रयोग गरेका छन् ।

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले सम्पदा सन्दुक कार्यक्रमलाई काठमाडौं उपत्यका बाहिर पनि बिस्तार गरेको छ। कोषले अहिले आफ्ना आयोजना क्षेत्रहरू सगरमाथा राष्ट्रिय निकुञ्ज, धनगढी, बर्दिया र चितवनमा सम्पदा सन्दुकहरू पठाएको छ। ती सन्दुकहरू स्थानीय विद्यालयहरूले कोषका स्थानीय कार्यालयहरूबाट प्राप्त गर्न सक्नेछन्।

नेपाल सम्पदा संघले विद्यार्थीहरूका लागि अन्य कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । तीमध्ये सम्पदा हाजिरीजवाफ, एक विद्यालय एक सम्पदा र परम्परागत कला तालिम मुख्य रहेका छन् । संघको कार्यालयमा सम्पर्क राखेर थप जानकारी प्राप्त गरी प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणमा सहभागी बनौं ।

**<u>सम्पर्क ठेगाना</u>**

*नेपाल सम्पदा संघ*
*पो.ब. नं. १२००५*
*भद्रकाली, काठमाडौं फोनं. २४८६१०*
*इमेलः nhs@mail.com.np*

# इको समाचार

'इको समाचार' इको क्लबको पत्रिका हो । द्वैमासिकरूपमा प्रकाशित हुने यो पत्रिका आठ पृष्ठको छ । यो पत्रिका विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमको सहयोगमा वातावरण र संस्कृति संरक्षण संघ (एपेक) द्वारा २०५३ सालदेखि प्रकाशित हुँदै आइरहेको छ ।

यो पत्रिका इको क्लबका लागि प्रकाशित हुन्छ । यसमा निम्नअनुसारका सामग्रीहरूले स्थान पाउँछन् :

- इको क्लब गठनको समाचार,
- इको क्लबका क्रियाकलाप,
- विद्यार्थीहरूका लेख-रचना (कविता, कथा, गीत, जानकारी, चित्र, कार्टुन) आदि,
- इको क्लबका क्रियाकलापका तस्वीरहरू,
- राम्रो काम गर्ने इको क्लबको विवरण,
- वन्यजन्तु र वनस्पतिसम्बन्धी जानकारी तथा तस्वीरहरू,
- वातावरण र प्रकृति संरक्षणसम्बन्धी समसामयिक समाचार,
- अन्तर्वार्ता र
- पाठक प्रतिक्रिया ।

उपर्युक्त सामग्रीहरूका अतिरिक्त इको समाचारमा वातावरणसँग सम्बन्धीत संघसंस्थाका वतावरण शिक्षा कार्यक्रम अन्तर्गतका क्रियाकलापबारे समाचार तथा अन्य सान्दर्भिक समाचारहरूले स्थान पाउँछन् ।

इको क्लबहरूले माथि उल्लेख गरिएका कुनै पनि सामग्रीहरू इको समाचारको ठेगानामा पठाउन सक्छन्– ती सामग्रीहरूले यथोचित स्थान पाउँछन् ।

इको समाचार प्रत्येक इको क्लबमा पठाइन्छ । इको समाचार प्राप्त गर्न इच्छुक क्लबहरूले विश्व वन्यजन्तु कोष वा वातावरण

## एपेक

वातावरण र संस्कृति संरक्षण संघ (एपेक) २०४४ सालमा स्थापना भएको गैरसरकारी संस्था हो । यसको केन्द्रीय कार्यालय विराटनगरमा रहेको छ । यो संस्था विशेष गरेर वन, वातावरण र वन्यजन्तु संरक्षणमा समर्पित छ ।

एपेकले आफ्ना विभिन्न कार्यक्रमहरूमा वातावरणीय शिक्षालाई निकै महत्व दिएको छ । यसअन्तर्गत एपेक विद्यालयतहका विभिन्न उमेर समूहका विद्यार्थीहरूसँग प्रत्यक्ष रूपमा संलग्न छ । विद्यार्थीहरूलाई वातावरण विनासप्रति सचेत गराउँदै संरक्षण क्रियाकलापमा सहभागी गराउन इको क्लबको माध्यमबाट एपेक अगाडि बढिरहेको छ । एपेकले हालसम्म करिब १ सय २५ वटा विद्यालयहरूमा इको क्लब गठन गरिसकेको छ भने झण्डै ६० वटामा स्वयंसेवक सदस्यमार्फत प्रत्यक्ष संलग्न रहेको छ ।

र संस्कृति संरक्षण संघ (एपेक) मा एउटा अनुरोध पत्र पठाउनुपर्छ ।

इको समाचार जस्तै अरू पत्रिकाहरू पनि प्रकाशित हुन्छन् । विश्ववन्यजन्तु कोष नेपाल कार्यक्रमले पनि इको सर्कुलर (Eco circular) नामको चार पृष्ठको पत्रिका प्रकाशित गर्दछ ।

इको समाचार सकेसम्म सबै सदस्यहरूलाई प्राप्त होस् भन्ने उद्देश्य राखिएको छ । पत्रिकालाई स्तरीय र पठनीय बनाउन इको क्लबहरूले पनि सहयोग पुऱ्याउनुपर्छ । इको समाचार इको क्लबहरूका सबै सदस्यहरूको साझा पत्रिका बन्न सकोस् भन्ने उद्देश्यले पनि राखिएको छ ।

**सम्पर्क ठेगाना**

सम्पादक/इको समाचार
वातावरण र संस्कृति संरक्षण संघ (एपेक)
पो.व.नं. १२८२२ काठमाडौं,
फोन नं. ४६९२१३, २७७९६९

# नेपाल रेडक्रस

इको क्लबको अवधारणा र कार्यक्रम विस्तार गरी विद्यालयतहका विद्यार्थीहरूलाई वातावरण संरक्षण क्रियाकलापमा सहभागी गराउने अभियानमा नेपाल रेडक्रस पनि सहभागी भएको छ । अधिराज्यभरिका झण्डै ३ हजार १ सय वटा विद्यालयमा रहेका जुनियर रेडक्रस सर्कल र झण्डै २ सय युवा रेडक्रस सर्कलहरूमा इको क्लबका क्रियाकलाप समावेश गर्न नेपाल रेडक्रस सहमत भएको छ ।

रेडक्रस एक अन्तर्राष्ट्रिय संस्था हो । अन्तर्राष्ट्रिय रेडक्रस अभियानको थालनी सन् १८६३ को अक्टोबरदेखि भएको हो । रेडक्रस मानवता, निष्पक्षता र तटस्थता जस्ता मूलभूत सिद्धान्तमा आधारित स्वतन्त्र मानवीय संस्था हो ।

पक्षपात, पूर्वाग्रह र भेदभावबिना पीडित मानवको सेवा गर्नु अन्तर्राष्ट्रिय रेडक्रसको मूल उद्देश्य हो । रेडक्रसका आधारभूत सिद्धान्तहरू (१) मानवता, (२) निष्पक्षता, (३) तटस्थता, (४) स्वतन्त्रता, (५) ऐच्छिक सेवा, (६) एकता र (७) विश्वव्यापकता हुन् ।

नेपाल रेडक्रसको स्थापना २०२० साल भदौ १९ गते (४ सेप्टेम्बर १९६३) मा भएको हो । सो दिन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयको आह्वानमा भएको एक भेलाले श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको अध्यक्षतामा नेपाल रेडक्रस तदर्थ समिति गठन गरेको थियो । त्यसपछि २०२० साल माघ २४ गते (७ फेब्रुअरी १९६४) मा श्री ५ को सरकारले जेनेभा महासन्धिमा हस्ताक्षर गरी यसको जिम्मेवार अंग बन्यो । २०२१ साल साउन २५ गते काठमाडौं मजिष्ट्रेट अफिसमा नेपाल रेडक्रस दर्ता भयो । यसपछि २०२१ साल असोज १६ गते (१ अक्टोबर १९६४) मा नेपाल रेडक्रसलाई अन्तर्राष्ट्रिय समितिले मान्यता प्रदान गर्‍यो ।

नेपाल जुनियर रेडक्रसको सूत्रपात २०२१ साल फागुन २२ गतेदेखि भएको हो । हाल नेपाल अधिराज्यका ७५ वटै जिल्लाका शिक्षणसंस्था र समुदायमा झण्डै ३ हजार २ सय जुनियर/युवा रेडक्रस सर्कल स्थापना भइसकेका छन् । जुनियर/युवा सदस्यको संख्या साढे ५ लाख पुगिसकेको छ ।

जुनियर तथा युवा रेडक्रसमा इको क्लब क्रियाकलाप समावेश गर्न विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम, त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र र नेपाल रेडक्रसबीच सहमति भएको छ । जुनियर रेडक्रस स्थापना भएका विद्यालयहरूमा रेडक्रसमा नै इको क्लब क्रियाकलाप समावेश गर्न र वातावरण संरक्षणमा रेडक्रसलाई सहभागी गराउन ती संस्थाहरूबीच एकआपसमा सहमति भएको छ ।

# नेपाल स्काउट

नेपाल रेडक्रस झैं नेपाल स्काउट पनि वातावरण संरक्षण इको क्लबको अवधारणालाई आत्मसात गरी अघि बढ्न सहमत भएको छ ।

स्काउट विशेष गरेर युवाकेन्द्रित संस्था हो । स्काउटले बढीभन्दा बढी युवा–युवतीहरूलाई स्काउटिङका माध्यमबाट उनीहरूको शारीरिक, मानसिक, सामाजिक, आध्यात्मिक र संवेगात्मक विकासका लागि शिक्षित बनाई उनीहरूलाई जिम्मेवार नागरिक बन्न प्रेरित गर्दछ । स्काउटको यसै आदर्शअनुरूप उनीहरूमा विश्वबन्धुत्वको भावना विकास गर्नु नेपाल स्काउटको मुख्य लक्ष्य हो ।

ट्रुप बैठक, र्‍याली, सेवा शिविर, वार्षिक शिविर, नयाँ वर्ष शिविर, ट्रेकिङ, सामुदायिक सेवा र सामुदायिक विकास, वृक्षारोपण, साक्षरता, खानेपानी, स्वास्थ्य, वातावरण संरक्षण, जेष्ठ नागरिकको सेवा, बालअधिकार, कुष्ठरोग नियन्त्रण, एड्स नियन्त्रण, दैवी प्रकोप सेवा, ट्राफिक नियन्त्रण, राष्ट्रिय चाड, समारोह, अन्तर्राष्ट्रिय उत्सव, प्रतियोगिता (हाजिरीजवाफ, निबन्ध, कविता, कथा, कला, वादविवाद इत्यादि) नेपाल स्काउटका कार्यक्रम र क्रियाकलापका मुख्य क्षेत्रहरू हुन् ।

नेपाल स्काउट २००९ साल (सन् १९९२) मा स्थापना भएको हो । नेपाल स्काउटमा छात्र स्काउट (Boys Scout) र छात्रा स्काउट (Girls Scout) गरेर दुई अलग वर्ग हुन्छन् । ती दुबै वर्गको संयुक्त संघ नै नेपाल स्काउट हो ।

नेपाल स्काउट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विकसित सञ्जाल भएको संस्था हो । अधिराज्यभरिमा नेपाल स्काउटमा करिब ३५ हजार सदस्यहरू रहेका छन् भने विश्वमा करिब १ करोड ६० लाख सदस्यहरू स्काउटमा आबद्ध छन् ।

नेपालमा इकाइका रूपमा विद्यालयहरूमा स्काउट रहेका छन् भने हरेक जिल्लामा जिल्ला इकाइ छन् । यसको एउटा केन्द्रीय कार्यालय छ ।

आफ्ना विभिन्न क्रियाकलापहरूमा नेपाल स्काउटले वातावरण संरक्षण पनि समावेश गरेको छ । विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रमले अघि सारेको इको क्लबको अवधारणालाई स्काउटका क्रियाकलापमा समावेश गरेर अघि बढाउन नेपाल स्काउट सहमत भएको छ । यसअन्तर्गत इको क्लब नेपाल स्काउटको एक अंग बन्ने छ । नेपाल स्काउटको इकाइ रहेको विद्यालयमा सोहीमार्फत इको क्लब क्रियाकलाप अगाडि बढाउन सकिन्छ ।

# अनुसूची

## इको क्लब तथ्याङ्क ब्याङ्क फारमको नमूना

### १. विद्यालयको विवरण

**(क)**

**कोड नं.** *(श्री ५ को सरकारबाट प्राप्त कोड नं.) :*

**विद्यालयको नाम :**

**विद्यालय स्थापना भएको साल :**

**तह :** *(चिन्ह लगाउनुहोस्)*

☐ प्राथमिक ☐ निम्नमाध्यमिक ☐ माध्यमिक ☐ उच्च माध्यमिक

**किसिम :** *(चिन्ह लगाउनुहोस्) :* ☐ सामुदायिक ☐ संस्थागत ☐ अन्य

**प्रधानाध्यापक/प्रिन्सिपलको नाम :**

**ठेगाना :**

जिल्ला :

नगरपालिका/गा.वि.स. :

वडा नं. :

टोल :

पो. ब. नं. :

फोन नं. :

फ्याक्स :

इमेल :

वेभसाइट :

**(ख)**

| | | |
|---|---|---|
| शिक्षक संख्या : | पुरूष : | महिला : |
| कर्मचारी संख्या : | पुरूष : | महिला : |
| विद्यार्थी संख्या : | छात्र : | छात्रा : |

**सम्पदा क्षेत्र :**

*(विद्यालय नजिकैको प्राकृतिक वा सांस्कृतिक सम्पदा क्षेत्र)*

| सम्पदाको नाम | विद्यालयबाट सम्पदा क्षेत्रको दुरी वा हिँडाइ समय |
|---|---|
| १. | |
| २. | |
| . | |
| . | |

**(ग)**

**क्लबहरू :** *(भइरहेका क्लबको नाम लेख्नुहोस्) :*

| क्र.सं. | क्लबको नाम | स्थापना वर्ष |
|---|---|---|
| १. | | |
| २. | | |
| . | | |
| . | | |

## २. इको क्लबको विवरण :

**(क)**

**नाम** *(इको क्लबको नाम लेख्नुहोस्) :*

स्थापना मिति (गते/महिना/साल : / /

कुल सदस्य संख्या : छात्र : छात्रा :

**संस्थापक :** *(इको क्लब स्थापनामा सहयोग पुऱ्याउने संघसंस्थाका प्रतिनिधि)*

१.

२.

**(ख)**

### इको क्लब संयोजक

इको क्लबका संयोजक (शिक्षक) को नाम :

१.

२.

विद्यालयमा अनुपस्थित हुँदाको सम्पर्क ठेगाना (कुनै एक जनाको) :

संयोजकको नाम :

जिल्ला :

नगरपालिका/गा.वि.स. :

वडा नं. :

टोल :

पो. ब. नं. :

फोन नं. :

फ्याक्स नं. :

इमेल :

## ३. इको क्लब क्रियाकलाप

### (क) सम्पन्न क्रियाकलापहरू :

| क्र.सं. | क्रियाकलाप | मिति | सहभागी संख्या | संयोजक |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| . | | | | |
| . | | | | |
| . | | | | |
| . | | | | |

### (ख) पुरस्कार ⁄ सम्मान

*(इको क्लबले प्राप्त गरेका पुरस्कार वा सम्मानको विवरण लेख्नुहोस)*

| क्र.सं. | पुरस्कार⁄सम्मान | मिति | पाउनुको कारण | प्रदान गर्ने संस्था |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| . | | | | |
| . | | | | |
| . | | | | |

## (ग) बैठक

**इको क्लबको बैठक**

*(उपयुक्तमा चिन्ह लगाउनुहोस्)*

| | | |
|---|---|---|
| ☐ हप्ताको एक पटक | ☐ दुई हप्तामा एक पटक | ☐ महिनामा एक पटक |
| ☐ दुई महिनामा एक पटक | ☐ वर्षमा एक पटक | ☐ अन्य (लेख्नुहोस्) |

| **इको क्लबको छाप/प्रतिक चिन्ह** | **विद्यालयको छाप/प्रतिक चिन्ह** |
|---|---|
| | |

| | |
|---|---|
| इको क्लबका संयोजकको सही | विद्यालयका प्रिन्सिपल/प्रधानाध्यापकको सही |

फारम भरेको मिति (गते/महिना/वर्ष) : / /

## इको क्लबमा सहभागी बनौं, परिवर्तन ल्याऔं
## Join Eco Club, Make A Difference

विश्व वन्यजन्तु कोष प्रकृति र पर्यावरणीय प्रक्रियाको संरक्षण गर्ने पुनित उद्देश्य राख्दछ । कोषले प्रकृति संरक्षणमा यसरी सहयोग पुऱ्याउँदछ :

- वंशाणु, वन्यजन्तु तथा वनस्पति जाति र पर्यावरणीय प्रणालीको विविधता संरक्षण गरेर ।
- पुनर्प्रयोगीय प्राकृतिक स्रोतहरूको परिचालन नै एकमात्र दिगो र दीर्घकालीन उपाय हो भन्ने अवधारणालाई अगाडि बढाएर ।
- खेर जाने खालका प्रदूषणहरु घटाउने क्रियाकलापहरूको प्रबर्द्धन गरेर साथै स्रोत तथा उर्जाको अनावश्यक शोषण र दुरूपयोग हुन नदिएर ।

विश्व वन्यजन्तु कोष निजीस्तरमा संचालित विश्वको सबैभन्दा ठूलो संरक्षण संस्था हो । यस संस्थामा ३१ वटा राष्ट्रिय संस्थाहरू आबद्ध छन् । विश्वभरिमा यसका २२ देशमा कार्यक्रम कार्यालयहरू क्रियाशील छन् र यसका ५२ लाखभन्दा बढी नियमित सहयोगीहरू छन् ।

**हाम्रा भावी सन्ततिका लागि यो धरती जीवित रहोस् ।**

WWF

विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम
पो.व.नं. ७६६०, फोन नं.४३४८२०
वालुवाटार, काठमाण्डौ, नेपाल ।
फ्याक्स नं.: ९७७-१-४३८४५८
इमेल: mns@wwf.mos.com.np
वेभ पेज: www.wwfnepal.org.np